ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक


# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष:२६ ॥ अंक: ०४ ॥ सोमबार १ असार २०८३ ॥ औंशी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Monday 15 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-







आर्थिक सर्वेक्षण

# अर्थतन्त्र २४ खर्बमाथि

सुनिता बिष्ट

हेटौंडा/बागमती प्रदेशको चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशको आर्थिक वृद्धि दर ५.४० प्रतिशत् पुग्ने अनुमान गरिएको छ भने प्रदेशको कुल अर्थतन्त्र कुल गार्हस्थ्य उत्पादन ३६.७ प्रतिशत् अर्थात् २४ खर्ब २३ अर्ब १२ करोड रहने अनुमान गरिएको छ। बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बागमती प्रदेश आर्थिक सर्वेक्षण २०८२/०८३ प्रदेशसभा बैठकमा प्रस्तुत गर्दै उक्त तथ्यांक सार्वजनिक गरेका हुन्।

सर्वेक्षणअनुसार चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत् रहने अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.४ प्रतिशत् रहने प्रक्षेपण गरिएको छ। नेपालको कुल अर्थतन्त्र ६६ खर्ब ९ अर्ब पुग्ने अनुमान गरिएकोमा त्यसको ३६.७ प्रतिशत् अर्थात् २४ खर्ब २३ अर्ब १२ करोड रुपियाँ हिस्सा बागमती प्रदेशको रहने अनुमान गरिएको मन्त्री तामाङले बताए। प्रदेशको आर्थिक, सामाजिक तथा भौतिक विकासका सूचकहरु उल्लेख गर्दै बागमतीले राष्ट्रिय अर्थतन्त्रमा सबभन्दा ठूलो योगदान पुऱ्याइरहेको उनको भनाइ छ।

आर्थिक सर्वेक्षणले बागमती प्रदेशका नागरिकको औसत आय राष्ट्रिय औसतभन्दा उल्लेख्यरुपमा माथि रहेको देखाएको छ। चालु आर्थिक वर्षमा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १ हजार ५ सय १३ अमेरिकी डलर रहने अनुमान गरिएकोमा बागमती प्रदेशको प्रतिव्यक्ति आय २ हजार ६ सय ४४ अमेरिकी डलर रहने अनुमान गरिएको छ। प्रदेशको अर्थतन्त्रमा सेवाक्षेत्रको प्रभुत्व कायम रहेको उल्लेख गर्दै आर्थिक मामिला मन्त्री तामाङले कुल गार्हस्थ उत्पादनमा सेवाक्षेत्रको योगदान ७६.६ प्रतिशत् रहने अनुमान गरिएको बताउँछन्। उनका अनुसार कुल गार्हस्थ उत्पादनमा उद्योगक्षेत्रको योगदान १२.२ प्रतिशत् र कृषिक्षेत्रको योगदान ११.२ प्रतिशत् रहने अनुमान गरिएको छ।

मन्त्री तामाङले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणमा चालु आर्थिक वर्षको फागुनसम्म बागमती प्रदेशको मुद्रास्फीति ३.६२ प्रतिशत् रहेको सर्वेक्षणमा उल्लेख छ। पछिल्ला वर्षको तुलनामा मुद्रास्फीति नियन्त्रणको अवस्थामा देखिए पनि उपभोग्य वस्तु तथा सेवाको मूल्यवृद्धिले नागरिकलाई असर पारि रहेको सर्वेक्षणले औंल्याइएको छ। प्रदेश सरकारको खर्चको अवस्था भने अपेक्षाअनुसार नदेखिएको आर्थिक सर्वेक्षणमा मन्त्री तामाङले उल्लेख गरेका छन्। उनका अनुसार फागुन मसान्तसम्म प्रदेश सरकारको कुल खर्च १५ अर्ब ५ करोड ८ लाख पुगेको छ, जुन वार्षिक विनियोजनको २२.३० प्रतिशत् हो। यस अवधिमा चालुतर्फ ३०.५६ प्रतिशत् खर्च भएको छ भने पुँजीगत्तर्फ १७.१२ प्रतिशत्मात्र खर्च भएको तथ्यांकले विकास बजेट कार्यान्वयन अझै सुस्त रहेको संकेत गरेको छ।

प्रदेश सरकारले फागुनसम्म कुल आय, राजस्व बाँडफाँट र नगद मौज्दातसहित ३८ अर्ब ७८ करोड ७० लाख संकलन गरेको छ। यो वार्षिक अनुमानको ५७.४८ प्रतिशत् बराबर हो। आर्थिक सर्वेक्षणले प्रदेशमा वित्तीय पहुँच विस्तार भएको उल्लेख गरेको छ। प्रदेशका सबै १ सय १९ स्थानीय तहमा बैंक शाखा पुगेको सर्वेक्षणमा उल्लेख गरिएको




छ। हाल एउटा बैंक शाखाले औसत २ हजार २९ जनालाई सेवा दिइरहेको प्रदेश सरकारको सर्वेणमा उल्लेख गरिएको छ।

वित्तीय साक्षरताको अवस्था पनि राष्ट्रिय औसतभन्दा राम्रो देखिएको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ।

नेपालमा वित्तीय साक्षरता ५७.९ प्रतिशत् रहेकामा बागमती प्रदेशमा उक्त दर ६४.५ प्रतिशत् पुगेको मन्त्री तामाङले बताए। प्रदेशको कुल जनसंख्याको ४४.५२ प्रतिशत् कृषि पेशामा आबद्ध रहेको सर्वेक्षणले देखाएको छ।

प्रतिकूल मनसुनका कारण यस वर्ष धान र गहुँ उत्पादनमा केही कमी आएको भए पनि अन्य खाद्यान्न तथा नगदे बालीको उत्पादन बढेको उल्लेख गरिएको छ। सिचाई पूर्वाधार विस्तारतर्फ पनि प्रगति भएको छ। फागुनसम्म प्रदेशका सिचाईयोग्य जमिनमध्ये ५०.२६ प्रतिशत् क्षेत्रमा सिचाई सुबिधा पुगेको छ।

प्रदेश सरकारले सडक निर्माण र स्तरोन्नतिलाई प्राथमिकता दिँदै आएको उल्लेख गर्दै चालु आर्थिक वर्षको फागुनसम्म १३.५४ किलोमिटर नयाँ सडक ट्र्याक खोलिएको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ।

८२.१५ किलोमिटर ग्राभेल सडक स्तरोन्नति तथा १२६.०८ किलोमिटर कालोपत्र सडक स्तरोन्नति गरिएको सर्वेक्षणमा उल्लेख छ भने नियमित तथा आवधिक सडक मर्मतसम्भारको काम पनि निरन्तर जारी रहेको मन्त्री तामाङले सर्वेक्षणमार्फत् उल्लेख गरेका छन्।

बागमती प्रदेशमा वैकल्पिक ऊर्जासहित ९९.९९ प्रतिशत् जनसंख्यामा विद्युत् पहुँच पुगेको उल्लेख गरिएको छ। प्रदेशका ९३.४० प्रतिशत् घरधुरीमा आधारभुत खानेपानी सुबिधा उपलब्ध भएको सर्वेक्षणले देखाएको छ भने विद्युत् तथा खानेपानी पहुँचका सूचकहरु राष्ट्रिय औसतभन्दा माथि रहेको प्रदेश सरकारले जनाएको छ। मन्त्री तामाङले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणअनुसार बागमती प्रदेशको साक्षरता दर ८२.१ प्रतिशत् पुगेको छ। शैक्षिक सत्र २०८२ मा आधारभुत तह अर्थात् कक्षा १-८ को खुद भर्नादर शत्प्रतिशत् पुगेको छ। माध्यमिक तह कक्षा ९-१२ मा भने खुद भर्नादर ५१.८ प्रतिशत् छ। विद्यालय पहुँच बढे पनि माध्यमिक तहमा विद्यार्थी टिकाइराख्ने चुनौती कायम रहेको सर्वेक्षणमा उल्लेख छ।

स्वास्थ्यतर्फ मातृ मृत्युदर प्रति एकलाख जीवित जन्ममा ९८ छ। प्रदेश सरकारले स्वास्थ्य सेवा विस्तार तथा मातृशिशु स्वास्थ्य सुधारका कार्यक्रम सञ्चालन गरिरहेको सर्वेक्षणमा जनाइएको छ। आर्थिक सर्वेक्षणमा युवा उद्यमशीलता तथा सिप विकास कार्यक्रममार्फत् स्वरोजगार प्रवर्द्धन भइरहेको उल्लेख गरिएको छ।

प्रदेश सरकारले युवालाई उत्पादनमुखी क्षेत्रमा आकर्षित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाइएको छ। प्रदेशसभा बैठकमा आर्थिक सर्वेक्षण प्रस्तुत गर्दै मन्त्री तामाङले प्रदेशको आर्थिक, सामाजिक तथा भौतिक विकासका सूचकहरुले सकारात्मक दिशा समातेको दाबी गरे।






# नवप्रवर्तनात्मक व्यवसायिक तीन स्टार्टअप सर्बोकृष्ट

सन्देश संवाददाता

हेटौंडा/वर्तमान समयमा प्राबिधिक शिक्षाबाटै रोजगारीको सम्भावना प्रवल रहेकाले एसईई पछिका अध्ययनमा प्राबिधिक शिक्षाको माग बढ्दै गएको हेटौंडामा आयोजित एक कार्यक्रमका बक्ताहरुले सुझाव दिएका छन्

सामाजिक बिकास मन्त्रालयका सचिव खुबिराम अधिकारीले हेटौंडाको लोकप्रिय हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसद्वारा स्थापना गरिएको 'इनोभेसन हब (आईहब)' अन्तर्गत 'उद्यमी पाठशाला' डेमो डे-२०२६ तथा दीक्षान्त कार्यक्रमका क्रममा यस्तो बताएका हुन्।

कार्यक्रमका प्रमुख अतिथि अधिकारीले प्रदेश सरकारले नवप्रवर्तन कोषमार्फत् नवउद्यमीहरूलाई अनुदान सहयोग उपलब्ध गराउंदै आएको बताए। युवाहरूलाई नयाँ सोच, सीप र सिर्जनशीलतामार्फत् उद्यमशीलतातर्फ अग्रसर गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको उनको



भनाइ थियो। हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एन्ड सोसल साइन्सेसले शिक्षाको बिकाससंगसंगै सीप र उद्यमशीलतालाई जोडेर ब्यवहारिक शिक्षा पनि प्रदान गरेको कार्य उदाहरणीय रहेको उनले बताए।

शनिबार आयोजित कार्यक्रममा बिगत छ महिनादेखि उद्यमी पाठशालामा आबद्द १२ वटा स्टार्टअपहरुले आफ्ना नवप्रवर्तनात्मक व्यवसायिक अवधारणा, उपलब्धि तथा भावी कार्ययोजनाहरु प्रस्तुत गरेका थिए। कार्यक्रममा १६ वर्षदेखि ६१ वर्ष उमेर समूहका २३ जना नवउद्यमीहरुले सहभागीता जनाएको बिद्यालयले जनाएको छ।

सहभागी स्टार्टअपमध्ये तीन वटा स्टार्टअप उत्कृष्ट घोषणा गरिएको थियो जसमध्ये एएसए फुड्स, बुकसाटौ र सान्साको भान्सा उत्कृष्ट घोषित भएका थिए। सहभागी स्टार्टअपहरूलाई तीन लाख रुपैयाँसम्मको बीउ पुँजी उपलब्ध गराइने म्यानेजमेण्टका प्रधानाध्यपक पुरनबहादुर जोशीले जानकारी गराए।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानाध्यापक जोशीले व्यवसाय तथा व्यापारलाई सफल बनाउन बजारमा प्रतिस्पर्धा गर्न सक्नुपर्ने बताए। व्यवसाय सानो वा ठूलो नभई त्यसको व्यवस्थापन र प्रतिस्पर्धी क्षमताले सफलता निर्धारण गर्ने उल्लेख गर्दै उनले बाकी ३ पेजमा.........

# करेन्ट लागेर एकको मृत्यु



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको मनहरी गाउँपालिका-६ मा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार शनिबार साँझ ५:१० बजेतिर मनहरी गाउँपालिका-६, कोलाघारी निवासी ३९ वर्षीय मंगलबहादुर प्रजालाई करेन्ट लागेको थियो।

उनी मनहरी गाउँपालिका-६, प्रतापपुर निवासी सुरेश मोक्तानको निर्माणाधीन नयाँ घरमा ढोका जडान गर्ने क्रममा ढोकामा ड्रिल गरिरहेका बेला एक्कासी करेन्ट लागेर गम्भीर घाइते भएका थिए। घाइते प्रजालाई उनकी पत्नी रस्तीमाया प्रजाले उपचारका लागि मनहरी अस्पताल पुऱ्याएकी थिइन्।

मनहरी अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि हेटौंडा अस्पताल पठाइएको थियो। तर, उपचारका क्रममा साँझ ६:५५ बजे हेटौंडा अस्पतालमा चिकित्सकले उनलाई मृतघोषणा गरेको प्रहरीले जनाएको छ।




**उखान:** हजार तरवारभन्दा एएटा कलम बलियो हुन्छ ।

॥ ॥ बेलाको बोली ॥ ॥

जंगलमा दुई बाटो छुट्टिए, मैले सबैभन्दा कम हिडिने बाटो रोजे र यसले नै मेरो सबैथोक बदलिदियो

*- रोबर्ट फ्रष्ट*

## सम्पादकीय

# कर्मचारीतन्त्र सुधार

*नेपालमा नयाँ संविधान जारी भएसंगै कर्मचारीतन्त्रलाई व्यवस्थित गर्ने कानुन नबन्दा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन भने कर्मचारी स्वयं आफ्नो वृत्ति विकासप्रति विश्वस्त हुन सकेका देखिदैनन् । यो समस्या हटाउन संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीका लागि सेवा सुविधा, सुरक्षा र वृत्ति विकासमा समान अवसर सुनिश्चित हुने विश्वास राज्यले कानुनमार्फत् स्थापित गर्नु पर्दछ । त्यस्तै, जनताको कर बाट पारिश्रमिक लिने कर्मचारी देशका सबै भूभागमा सेवा दिन तयार हुने र पदोन्नतिका लागि दुर्गम क्षेत्रमा अनिवार्यरुपमा सेवा गर्नैपर्ने व्यवस्था कानुनीरुपमा संस्थागत गर्नु अपरिहार्य देखिन्छ । अहिले सरकारले पुन: निजामती सेवा ऐन ल्याउने तयारी गरिरहेको सन्दर्भमा कर्मचारी व्यवस्थापनसम्बन्धी कानुन बनाउंदा सेवाग्राही र कर्मचारी दुबै पक्षको हितलाई सन्तुलितरुपमा सम्बोधन गर्नु पर्नेछ ।*

*कर्मचारीतन्त्रलाई कार्यसम्पादनमुखी बनाउनु आजको प्रमुख आवश्यकता हो । हालसम्म वरिष्ठता र सेवा अवधिलाई प्राथमिकता दिने परम्परा विद्यमान छ, जसलाई परिमार्जन गर्दै कार्यक्षमता, सेवा प्रवाहको गुणस्तर, समस्या समाधान क्षमता, उत्तरदायित्व र नवप्रवर्तनलाई मूल्याङ्कनको मुख्य आधार बनाउन सके प्रशासन क्षेत्र अझ जिम्मेवार, परिणाममुखी र जनउत्तरदायी बन्न सक्दछ । राजनीतिक हस्तक्षेपबाट मुक्त व्यावसायिक कर्मचारीतन्त्र निर्माण गर्नु अनिवार्य छ । कर्मचारीको क्षमता विकासलाई निरन्तर प्रक्रियाका रुपमा संस्थागत गर्नु पनि त्यत्तिकै आवश्यक छ । कर्मचारी नियुक्त भएपछि एउटै सीपमा सीमित रहने अवस्था अब स्वीकार्य हुने छैन, बरू निरन्तर सिकाइलाई संस्थागत गर्नुपर्ने समय आएको छ ।*

*सेवाग्राहीको प्रतिक्रिया, गुनासो व्यवस्थापन र सार्वजनिक सन्तुष्टिलाई आधार बनाएर कर्मचारीको जिम्मेवारी र उत्तरदायित्व मूल्याङ्कन गर्ने प्रणालीले सेवामुखी प्रशासनिक संस्कृतिलाई सुदृढ बनाउँछ । साथै, आवश्यकताअनुसार जनशक्ति पुनर्वितरण गर्नु पनि कर्मचारी प्रशासन सुधारको महत्वपूर्ण पक्ष हो । कतिपय कार्यालयमा कर्मचारीको अत्यधिक चाप छ भने कतिपय क्षेत्रमा अभाव छ । त्यसैले राजनीतिक वा परम्परागत आधारमा होइन, सेवाको आवश्यकता, कार्यभार र जनघनत्वको वैज्ञानिक विश्लेषणका आधारमा जनशक्ति व्यवस्थापन गर्नु आजको आवश्यकता हो ।*

**मकवानपुरमा आज**


१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला । व्यावसायिक काममा खर्च बढ्नेछ । अरूका काममा महत्वपूर्ण समय बित्न सक्छ । | **बृष** आजका योजना पूर्ण कार्यान्वयन नहुन सक्छन् । सोचेको काम समयमा सम्पादन गर्न नसकिने र अवसर फुत्कने सम्भावना देखिन्छ । |
| **मिथुन** तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला, कामको चाप बढ्नेछ । | **कर्कट** सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । जमघट बढ्नाले आनन्दित भइनेछ । |
| **सिंह** स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परिवारजनसँग आत्मीयता बढ्नेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिने योग देखिएको छ । | **कन्या** नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । |
| **तुला** बिगतका निर्णयले काम बिग्रन सक्छ । बेसुरमा वचन दिने बानीले दु:ख पाइनेछ । घर-गृहस्थीमा समस्या आउन सक्नेछ, बाधा पुग्न सक्छ । | **बृश्चिक** पुरुषार्थी काम प्रारम्भ हुनेछ । दिगो काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । भेटघाटले उत्साह जगाउनेछ । |
| **धनु** सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । | **मकर** कामको लागत बढ्नेछ । तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ । स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसरहरु प्राप्त हुनेछन् । |
| **कुम्भ** प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । आम्दानी बढ्नेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । व्यवसायमा राम्रो फाइदा उठाउन सकिनेछ । | **मिन** रमाइलो यात्रा गर्ने साइत जुर्न सक्नेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ भने धनलाभ हुनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३७
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# युवाले नेपालमा भविष्य किन देख्दैनन् ?




नेपालको कुनै पनि गाउँमा जानुस्, कुनै पनि सहरको चियापसलमा बस्नुस्, कुराकानीको विषय प्राय: एउटै हुन्छ : 'कहिले जाने विदेश ?' यो प्रश्न अब केवल सामान्य संवाद होइन, यो एउटा पुस्ताको मौन विद्रोह बनेको छ। देशप्रतिको असन्तुष्टि, व्यवस्थाप्रतिको अविश्वास र भविष्यप्रतिको अन्योलले गाँसिएको यो पुस्ता एकछिन नरोकिई सीमानातिर हिँडिरहेको छ ।

अहिले नेपालमा १० कक्षा पास गरेको होस्, १२ सकेको होस्, वा अझ भनौं भर्खर ४/५ कक्षामा पढ्दै गरेका बाल/बालिका नै किन नहुन्, धेरै जसोको लक्ष्य लगभग एउटै हुन्छ: विदेश जाने, पैसा कमाउने र कुनै न कुनै रूपमा नेपाल छोड्ने । यो केवल व्यक्तिगत निर्णय नभइ एउटा सामूहिक मनोविज्ञान बनेको छ, जसले समाजको बनोटलाई नै बदल्दैछ ।

एकदम सीमित युवाहरू मात्र 'देशमै केही गर्ने', 'व्यवसाय सुरु गर्ने', 'लोक सेवामा नाम निकाल्ने', 'परराष्ट्रमा नाम निकाल्ने', 'शिक्षक हुने', 'सेनामा भर्ती हुने' वा 'नेपालमै भविष्य निर्माण गर्ने' सपना बोकेको देखिन्छन् । बाँकी अधिकांशका लागि सफलता भन्ने शब्द नै विदेशसँग जोडिन थालेको छ । हुनेखाने वर्गको परिवारबाट आएको छ भने उसको पहिलो रोजाइ युरोप, अमेरिका वा अस्ट्रेलिया हुन्छ । पढाइमा अब्बल छ तर आर्थिक अवस्था कमजोर छ भने ऊ कोरियाली वा जापानी भाषा सिक्नेतर्फ लाग्छ । यी दुवै वर्गमा नपर्नेहरू अन्तत: म्यानपावर कम्पनीको ढोकामा पुग्छन् ।

कसैले आफ्नो सपना खाडी मुलुकको तातो घाममा जलाउँछ, कसैले आमाको न्यानो काख बिर्सन्छ, कसैले देशप्रतिको माया नै विस्तारै त्याग्दै जान्छ । तर, यति भन्दै गर्दा विदेश जानु गलत हो भन्ने कदापि होइन । प्रश्न केवल यति हो-आखिर किन आजको युवा पुस्ताले आफ्नै देशमा भविष्य देख्ने विश्वास गुमाउँदै गएको छ ?

**रेमिट्यान्सको खम्बामाथि उभिएको नेपाल**

नेपालका अधिकांश मध्यमवर्गीय परिवार आज रेमिट्यान्सकै भरमा टिकिरहेका छन् भन्ने तथ्य कसैबाट लुकेको छैन । खाडी मुलुकमा रगत र पसिना बेचेर परिवारको भविष्य बनाउन संघर्ष गरिरहेका नेपालीको कथा पीडादायी मात्र होइन, राज्यका लागि गम्भीर प्रश्न पनि हो । त्यही रेमिट्यान्सले छोराछोरीलाई गुणस्तरीय शिक्षा दिएको छ, बाबुआमाको उपचार गराएको छ, परिवारका साना-ठूला सपना पूरा गरेको छ । विदेशी मुद्रा भित्र्याउने प्रमुख स्रोत नै रेमिट्यान्स बनेको छ । धेरै अर्थमा नेपालको अर्थतन्त्र अहिले रेमिट्यान्सकै भरमा अडिएको छ ।

एकपटक कल्पना गरौं त-यदि रेमिट्यान्स अचानक बन्द भयो भने के हुन्छ ? संकुचित अर्थतन्त्र, बेरोजगारी, भोकमरी, सामाजिक अस्थिरता र आर्थिक हाहाकारको अवस्था । सोच्दा नै दिक्क लाग्दो । कल्पनामा मात्र होइन, वास्तवमा नै यो परिस्थिति आउन समय लाग्दैन । यति हुँदाहुँदै एउटा गम्भीर सत्यलाई बेवास्ता गर्न पक्कै सकिँदैन : केवल रेमिट्यान्समा निर्भर कुनै पनि देशले दीर्घकालीन आर्थिक, औद्योगिक वा नीतिगत फड्को मार्न सक्दैन । अरूले पठाएको पैसाले मात्र देश चलिरहने हो भने आत्मनिर्भरता, उत्पादन, नवप्रवर्तन र राष्ट्रिय आत्मविश्वास क्रमश: कमजोर बन्दै जान्छ । अनि युवाले देशमै भविष्य देख्ने आधार पनि हराउँदै जान्छन् ।

**युवाले देशमै भविष्य किन देख्दैनन् ?**

सीप र अवसरबीच खाडल: सामान्यतया, एक व्यक्तिले आफूले सिकेको सीप र अध्ययन अनुरूपको काम खोज्छ । आफ्नो मेहनतअनुसारको सम्मान र आम्दानी अपेक्षा गर्छ । तर नेपालमा यही कुरा सबैभन्दा कमजोर देखिन्छ । ४/५ वर्ष लगाएर इन्जिनियरिङ पढेको युवा प्राविधिक क्षेत्रमा अवसर नपाएर निराश हुन्छ । विज्ञान, प्रविधि, चिकित्सा, डेटा साइन्स, मेसिन लर्निङ, कानुन वा अनुसन्धानजस्ता विषयमा विशेषज्ञता हासिल गरेपछि पनि अन्तत: उसलाई असम्बन्धित क्षेत्रमा रोजगारी खोज्न बाध्य बनाइन्छ ।

त्यसमाथि, लोकसेवाको तयारीमा ऐतिहासिक तथ्य र घोकन्ते प्रणालीको दबाब थपिन्छ । एउटा विषयमा त्यत्रो विज्ञता हासिल गरिसकेपछि जंगबहादुरका ४० वटा श्रीमतीका नाम सोधियो भने यस्तो अवस्थामा एउटा युवाले आफ्नो अध्ययन र सीपको वास्तविक उपयोग कहाँ गर्ने ? अनि किन बस्ने आफ्नै देशमा ? डिग्री बढ्दो, रोजगारी घट्दो: हरेक वर्ष डिग्रीधारीको संख्या बढ्दै गएको छ, तर रोजगारीका अवसर घटि-रहेका छन् । अवस्था यस्तो देखिन थालेको छ कि "डिग्री" र "रोजगारी" सँगै बढ्नुपर्ने ठाउँमा, डिग्री बढ्दै जाँदा रोजगारी झन् टाढिँदै गएको छ ।

१० कक्षा पढाउन ब्याचलर, ११-१२ पढाउन मास्टर्स, अनि उच्च शिक्षामा पढाउन एमफिल वा पीएचडी आवश्यक पर्ने अवस्था छ । तर त्यही शिक्षा हासिल गर्न खर्चिएको लाखौं रुपैयाँ फिर्ता कमाउनकै लागि जीवनको ठूलो हिस्सा बिताउनु पर्ने अवस्था आउँछ । यो एक दुष्चक्र हो, शिक्षामा लगानी गर्नुपर्छ, तर त्यो लगानीको प्रतिफल देशमै पाउन सकिँदैन । फलस्वरूप, शिक्षित युवा विदेशतिर आकर्षित हुन्छन्, जहाँ आफ्नो योग्यता अनुसारको काम र तलब पाउने सम्भावना बढी हुन्छ ।

**नातावाद, पहुँच र अनिश्चितताको चक्र:**

नेपालमा अवसरभन्दा पहुँच बलियो देखिन्छ । योग्यताभन्दा चिनजान प्रभावकारी हुन्छ । प्रक्रियाभन्दा सिफारिस छिटो चल्छ । सानोदेखि ठूला कामसम्म ढिलासुस्ती, राजनीतिक प्रभाव, नातावाद र कृपावाद हाबी देखिन्छ । परिणाम स्वरूप, युवाहरू कठिनाइसँग होइन, देशको अनिश्चिततासँग थाकिरहेका हुन्छन् । मेहनत गर्दैमा परिणाम आउँछ भन्ने विश्वास हराउँदा, जो नेपालमा बस्छ ऊ "मूर्ख" र जो विदेश जान्छ ऊ "बुद्धिमान" भन्ने धारणा पलाउँछ ।

**सामाजिक मनोविज्ञानको दबाब:**

आज समाजमा "विदेश गएको व्यक्ति सफल" भन्ने मान्यता बढ्दै गएको छ । विदेश जानुलाई प्रतिष्ठासँग जोड्ने सामाजिक मनोविज्ञानले देशमै केही गर्न खोज्ने युवालाई पनि मानसिक दबाबमा पारिरहेको छ । देशमै बसेर संघर्ष गर्नुभन्दा विदेश जानुलाई ठूलो उपलब्धि मान्ने सोच नेपाली समाजमा सामान्य बन्दै गएको छ । घरपरिवारले नै "विदेश जाओ, पैसा कमाओ" भन्छन् । देशमा बसेर संघर्ष गर्ने सोचलाई प्रोत्साहन गर्नेभन्दा "किन यहाँ खेर फाल्छौ ?" भन्ने सुनाउँछन् ।

**उद्यमशीलताप्रतिको उदासीनता:**

उद्यमशीलता, अनुसन्धान, नवप्रवर्तन र उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिन राज्य असफल छ । नयाँ सोचलाई जोखिमका रूपमा हेर्ने, युवा उद्यमलाई पर्याप्त सहयोग नगर्ने, र सीप भएका युवालाई अवसर नदिने प्रवृत्तिले विदेश मोहलाई झन् तीव्र बनाएको छ। स्टार्टअप खोल्नु छ भने जटिल कानुनी प्रक्रिया, अनेक कार्यालयको धाउनु, र अन्तत: "बाबुसाहेब"को इशारा पर्खनुपर्ने अवस्था छ । यस्तोमा युवाको उत्साह र ऊर्जा कहाँ जाओस् ?

**जनशक्ति पलायनको बहुआयामिक असर**

यसको असर केवल अर्थतन्त्रमा मात्र सीमित छैन। जनशक्ति पलायनले परिवारमा दूरी बढाएको छ। बाबुआमा छोराछोरीविना बुढ्यौलीमा एक्लिन्छन्, श्रीमान्-श्रीमती वर्षौंसम्म टाढिन्छन्, बाल-बालिका आमाबाबुको न्यानोबिनै हुर्किन्छन् । गाउँ घरमा काम गर्ने हात छैनन्, खेतबारी बाँझो छन् ।

जो उत्पादन गर्न सक्थे, ती नै विदेश छन् । "नेपालमा केही हुँदैन" भन्ने भाष्य तीव्र गतिमा फैलिरहेको छ । यो मानसिकताले नयाँ पुस्तालाई देशमा केही गर्ने प्रयास गर्नुअगावै निरुत्साहित गर्छ । जब एउटा युवाले आफ्नै देशमा भविष्य देख्न छोड्छ, तब देशले आफ्नो सम्भावना गुमाउन थाल्छ । हरेक प्रतिभाशाली युवाको प्रस्थान देशको सामर्थ्यमा एउटा ठूलो खाडल खन्छ ।

केवल आलोचनाले मात्र देश बदलिँदैन । युवालाई रोक्न भावनात्मक भाषण मात्र पर्याप्त हुँदैन । जबसम्म शिक्षा प्रणालीलाई सीप र उद्योग सँग जोडिँदैन, स्थानीय उद्यमलाई प्रोत्साहन गरिँदैन, पारदर्शी अवसर सिर्जना हुँदैन, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिइँदैन, तबसम्म युवालाई देशमै बस्न आग्रह गर्नु केवल भाषणमै सीमित रहन्छ । नीतिगत स्थिरता पनि त्यत्तिकै जरुरी छ । लगानीकर्ता र उद्यमीका लागि अनुकूल वातावरण निर्माण गर्न नीतिगत निरन्तरता अप-रिहार्य छ । जहाँ सरकार फेरिँदासाथ नीति फेरिन्छ, त्यहाँ कोही दीर्घकालीन लगानी गर्दैन ।

सिफारिस र पहुँचको ठाउँमा क्षमता र योग्यतालाई प्राथमिकता दिने व्यवस्था नबनेसम्म मेहनती युवाको देशप्रतिको मोह टुट्दै जाने नै छ । युवालाई देशमै रोक्न "देशप्रेम" मात्र होइन, अवसर चाहिन्छ । भावना मात्र होइन, भविष्य चाहिन्छ ।

साभार: क्यापिटल नेपाल

# नेकाको १५ औं महाधिवेशन र आगामी मार्गचित्र



✍बोर्णबहादुर कार्की

नेपाली राजनीतिक आकाशमा प्रजातन्त्रको पहिलो र संवाहक शक्तिका रूपमा स्थापित नेपाली कांग्रेस वर्तमान समयमा इतिहासकै जटिल र चुनौतीपूर्ण मोडमा उभिएको छ। नेपाली कांग्रेसको आगामी १५औं महाधिवेशन केवल नयाँ नेतृत्व चयन गर्ने प्राविधिक प्रक्रिया मात्र नभएर पार्टीको वैचारिक पुनर्जीवन, आन्तरिक एकता र अस्तित्व रक्षाको कडा परीक्षा बन्ने निश्चित छ । तर, महाधिवेशनको मिति जति जति नजिकिँदै गइ–रहेको छ, पार्टीभित्रको आन्तरिक द्वन्द्व, गुटीय ध्रुवीकरण र दाउपेच उति नै तीव्र बन्दै छ ।

वर्तमान परिदृष्यलाई नियाल्दा, आगामी महाधिवेशन विचार र नीतिको मन्थन गर्ने थलो हुनुको साटो दुई ठुला समूहबीचको भीषण 'रणभूमि' बन्ने र यसले पार्टीलाई विभाजनको आत्मघाती मार्गमा धकेल्ने स्पष्ट पूर्वसंकेतहरू देखा पर्न थालेका छन् । यो राष्ट्रिय राजनीति र लोकतान्त्रिक प्रणाली दुवैका लागि चिन्ताको विषय हो । कांग्रेस अब कुन बाटो र कसरी अघि बढ्छ भन्ने कुराको ठोस आकलन गर्नका लागि भने अझै केही दिन धैर्यतापूर्वक पर्खनुपर्ने देखिन्छ ।

**गुटीय टकराव र पार्टीसत्ताको दाउपेच :**

केही समयअघि विकसित राजनीतिक घटनाक्रम र 'जेनजी विद्रोह' को जगमा भएको विशेष अधिवेशनले कांग्रेसभित्र ठुलो फेरबदल ल्याएको थियो । विशेष महाधिवेशनद्वारा स्थापित गगन थापा नेतृत्वको समूह आगामी १५औं महाधिवेशनमार्फत् आफ्नो शक्ति र कार्यदिशालाई दोहोर्‍याउने र पार्टीमा पूर्ण रूपान्तरण संस्थागत गर्ने रणनीतिमा सक्रिय छ । अर्कोतर्फ, कांग्रेसको पर-म्परागत राजनीतिक शक्ति र पुरानो संस्थापन पक्षको प्रतिनिधित्व गर्ने देउवा समूह यसपटक जुनसुकै मूल्यमा थापा समूहलाई विस्थापित गर्ने ध्याउनमा छ । देउवा पक्ष बिगतको विशेष महाधिवेशनले गुमाएको आफ्नो 'पार्टीसत्ता' र विरासतलाई १५औं महाधिवेशनमार्फत् पुन:स्थापित गर्न सम्पूर्ण शक्ति केन्द्रित गरिरहेको देखिन्छ ।

दुई पक्षबीचको यो चरम शक्तिसंघर्ष र अहम्को टकरावले आमकार्यकर्ता र शुभेच्छुक-हरूमा ठुलो संशय पैदा गरेको छ । के आगामी महाधिवेशन साँच्चै नै विचारको बहस छाडेर दुई समूहबीचको प्रतिशोध साध्ने थलो मात्र बन्ने हो ? यो आशंका आज प्रत्येक कांग्रेसजनको मनमा खेलिरहेको छ । यस्तो तीव्र ध्रुवीकरणले अन्तत: पार्टीलाई फुटतर्फ धकेल्न सक्छ भनी चिन्ता व्यक्त गर्ने एउटा तटस्थ र मध्यमार्गी समूह पनि पार्टीभित्र क्रियाशील छ । यस समूहको स्पष्ट मान्यता छ कि जुनसुकै मूल्य चुकाएर भए पनि आपसी सहमति कायम गरिनुपर्छ र पार्टीलाई फुटको दुर्भाग्यबाट जोगाउनुपर्छ। पार्टीको स्वास्थ्य, संगठनात्मक संवेदनशीलता र भविष्यका लागि यो मध्यमार्गी धारको भनाइ अत्यन्तै दूरदर्शी, परिपक्व र बुद्धिमानीपूर्ण देखिन्छ ।

नेपालको राजनीतिमा युवा पुस्ता, विशेष गरी 'जेनेरेसन जेड' को आक्रोश र असन्तोषले परम्परागत दलहरूलाई ठुलो धक्का दियो । कांग्रेस भित्र पनि देउवा नेतृत्वको कार्यशैलीप्रति युवा पुस्ताको तीव्र असन्तुष्टि चुलिएपछि पार्टी बचाउने हेतुले विशेष महाधिवेशनमार्फत् थापाको अगुवाइमा नयाँ नेतृत्व अगाडि सारिएको थियो । आमकार्यक-र्तामा एउटा नयाँ ऊर्जा सञ्चार भएको थियो र यही नयाँ नेतृत्वको भरोसामा पार्टी आमनिर्वाच-नमा होमियो ।

तर, निर्वाचनको परिणाम नेपाली कांग्रेसका लागि निकै निराशाजनक र अप्रत्याशित रहन गयो । निर्वाचनमा बेहोर्नु परेको यो लज्जास्पद पराजय पछि आज केन्द्रदेखि गाउँका कुनाकाप्चासम्मका कांग्रेस नेता र कार्यकर्ता पंक्ति गहिरो निराशा र अन्योलमा डुबेका छन् । यो पराजयलाई लिएर पार्टीभित्र आरोप-प्रत्यारोपको श्रृंखला सुरु भएको छ, जसले आन्तरिक दरारलाई अझ फराकिलो बनाएको छ । संस्थापन अर्थात् देउवा पक्ष यो हारको सम्पूर्ण दोष गगन पक्षको थाप्लोमा थुपार्न चाहन्छ। चुनावको मुखमा एकपक्षीयरूपमा विशेष महाधिवेशन गरिएका कारण पार्टीको सन्तुलन बिग्रिएको र त्यसैले हार बेहोर्नु परेको भन्दै देउवा पक्ष आफ्नो बचाउ गरिरहेको छ । तर, यसको विपरीत गगन पक्षको ठहर बेग्लै र तथ्यपरक छ। गगन पक्षका अनुसार देउवा पक्ष लामो समयसम्म पार्टीसत्ता र राज्यसत्ताको शीर्ष स्थानमा रहँदा पनि देश र जनताको पक्षमा ठोस, दृष्यमान र सुशासन मुखी काम गर्न पूर्णरूपमा असफल भयो । वर्षौंदेखिको यही कुशासन, नातावाद, र नीतिगत विचलनका कारण जनतामा कांग्रेसप्रति चरम वितृष्णा पैदा भएको थियो, जसको सजाय पार्टीले चुनावमा भोग्नुपर्‍यो ।

***आन्तरिक कलहको मूल्य:***

'विनाशकाले विपरीत बुद्धि' भनेझैं, आम-निर्वाचनको ठिक पूर्वसन्ध्यामा विशेष महाधिवेशन सम्बन्धी जुन अनपेक्षित विवाद सिर्जना गरियो, त्यसले नेपाली कांग्रेसलाई अपूरणीय र ठुलो संगठनात्मक नोक्सान पुर्‍यायो । निर्वाचनको कमाण्ड सम्हाल्ने र जनतामा एउटा बलियो राजनीतिक सन्देश लिएर जाने समयमा पार्टी आफ्नै आन्तरिक झगडा, समानान्तर कमिटी र गुटीय स्वार्थमा अल्झियो । चुनावको मुखमा घरझगडामै शक्ति खेर फाल्नु आत्मघाती सावित भयो । विगतको निर्वाचनको सबैभन्दा क्रूर र यथार्थपरक पक्ष के हो भने, नेपाली कांग्रेसलाई पुस्तौंदेखि बिनासर्त नियमितरूपमा मतदान गर्दै आएका निष्ठावान् र परम्परागत मतदाताहरूले समेत यसपटक कांग्रेस सँग खुल्ला विद्रोह गरे । कांग्रेस नेतृत्वको अकर्मण्यता र आन्तरिक कलहबाट वाक्क भएका ती मतदाताले वैकल्पिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई खुला हृदयले मतदान गरे । फलस्वरूप, नयाँ पार्टी रास्वपाले छोटो समयमै ऐतिहासिक जनमत र सिट संख्यासहित संसद्मा आफ्नो बलियो र निर्णायक उपस्थिति दर्ता गराउन सफल भयो ।

यदि कांग्रेसका सबै समूह, गुट र उपगुट-हरूले आफ्ना संकुचित स्वार्थहरूलाई त्यागेर, काँधमा काँध मिलाई, एकढिक्का भएर चुनावमा भाग लिएको भए सायद यस्तो निराशाजनक र क्षतिपूर्ण परिणाम आउने थिएन । पार्टीभित्रको अन्तर्घात र गुटबन्दीले नै कांग्रेसको जग हल्लाइदिएको हो । तर, वर्तमान कठिन परिस्थितिमा कांग्रेसजनले केवल अतीतलाई सम्झेर निराश भई अत्तालिनु वा एकापसमा हिलो छ्यापाछ्याप गर्नुभन्दा तथ्यपरक समीक्षा, गम्भीर आत्मालोचना र वस्तुनिष्ठ मूल्यांकन गरेर अघि बढ्नु नै बढी बुद्धिमानी र सान्दर्भिक हुनेछ । नेपाली कांग्रेस केवल एउटा राजनीतिक दल मात्र होइन, यो नेपालको लोकतान्त्रिक आन्दोलन र आधुनिक इतिहासको 'मियो शक्ति' हो । देशको राजनीतिलाई दिशानिर्देश गर्ने र संकटमा निकास दिने दायित्व संधैं कांग्रेसकै काँधमा आउने गरेको छ । त्यसैले, यो पार्टी इतिहासको कुनै पनि कालखण्डमा विभाजित हुनु भनेको सिंगो मुलुकको राजनीति दिशाहीन, गतिहीन र स्थिर हुनु हो । विगतमा कांग्रेस फुट्दा देशले बेहोरेको राजनीतिक मूल्य र वर्तमानमा देखिइरहेका अराजक परि*दृष्यहरू यसका अकाट्य प्रमाण हुन् ।*

नेपाली कांग्रेसले देशको राजनीतिमा युगान्तकारी र आमूल परिवर्तनको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको इतिहास साक्षी छ । चाहे २००७ सालको राणाशाही विरोधी जनक्रान्ति होस्, चाहे २०४६ सालको पञ्चायत विरोधी आन्दोलन होस्, वा २०६२/०६३ का आन्दोलनहरू नै किन नहोउन्- कांग्रेसले दृढ र परिपक्व नेतृत्व प्रदान नगरेको भए यी परिवर्तनहरू सम्भव हुने थिएनन् । कांग्रेसको विशेषता र सामर्थ्य नै के हो भने, यसले विभिन्न विचार बोकेका अन्य राजनीतिक शक्तिहरूलाईसमेत एउटै मोर्चामा समन्वय गरेर राष्ट्रिय एजेण्डामा नेतृत्व दिँदै आएको छ । आगामी दिनहरूमा पनि मुलुकमा कुनै पनि खालको संवैधानिक, राजनीतिक वा आर्थिक संकट आउँदा सबै दल र पक्षलाई समेटेर देशलाई सही दिशा दिने क्षमता र ऐतिहासिक साख केवल नेपाली कांग्रेससँगै छ ।

**परम्परागत भोट बैंकको संकट**

इतिहास गौरवपूर्ण भए तापनि वर्तमानमा कांग्रेसका अगाडि चुनौतीका हिमालहरू ठडिएका छन् । कांग्रेसका सामु रहेको पहिलो र सबैभन्दा प्राथमिक चुनौती भनेको बिगतको निर्वाचनमा बेहोर्नु परेको गम्भीर हारबाट कठोर पाठ सिक्नु हो । हारका कारणहरूको निर्मम समीक्षा गर्दै पार्टी लाई पुरानो, बलियो र सुदृढ स्थितिमा पुर्‍याउन दृढतापूर्वक अघि बढ्नु आजको आवश्यकता हो । तर, यो बाटो सोचेजस्तो सहज र सरल निश्चितै छैन । किनकि, नेपाली कांग्रेसको जुन परम्परागत र भरपर्दो 'भोट बैंक' थियो, त्यसमा रास्वपा जस्ता नयाँ दलहरूले ठुलो धक्का दिँदै कब्जा जमाई सकेका छन् । सहरी र युवा मतदाता, जो कांग्रेसका वैचारिक मेरुदण्ड थिए, उनीहरू आज परिवर्तनको खोजीमा बाहिरिइसकेका छन् ।

*साभार : सौँय अनलाइन*




## ब्राजिल र मोरक्को बराबरीमा



काठमाडौं/फिफा विश्वकपको उपाधि दावेदार ब्राजिल समूह चरणको पहिलो खेलमा मोरक्कोसँग बराबरीमा रोकिएको छ।

अमेरिकाको न्युजर्सी रङ्गशालामा आइतबार बिहान भएको प्रतिस्पर्धात्मक खेलमा ब्राजिल मोरक्कोसँग १-१ गोलको बराबरीमा रोकियो। पाँच पटकको कीर्तिमानी विजेता ब्राजिल हार जोगाउन सफल भयो।

खेलमा सुरुवाती मोरक्कोले २१औँ मिनेटमा लिएको थियो। मोरक्कोका लागि स्ट्राइकर इस्माइल साइबारीले गोल गरे। उनले विपक्षी गोलरक्षकलाई विट गर्दै जाली चुमाएका थिए।

त्यसपछि ३३ औं मिनेटमा भिनिसियस जुनियरले उत्कृष्ट गोल गर्दै ब्राजिललाई खेलमा फर्काए। ब्रालिका लागि ५०औं खेल खेलेका उनले विपक्षी रक्षापङ्तिलाई छक्क्याउँदै गोल गरेका थिए।

दोस्रो हाफमा मोरक्कोले बलमा पकड जमाए पनि गोल थप्न नसक्दा समूह ‘सी’ मा दुवै टोलीले एक एक अङ्क बाँडे। यस्तै यही समूहको अर्को खेलमा स्कटल्यान्डले हाइटीलाई १-० गोलले स्तब्ध बनाएको थियो।

२८ वर्षपछि विश्वकपमा पुनरागमन गरेको स्कटल्यान्डको जितमा जोन म्याकजिनले २९औं मिनेटमा गरेको गोल निर्णायक बन्यो। पहिलो जितसँगै स्कटल्यान्डले तीन अङ्क बनाएको छ। हाइटीले हारबाट विश्वकपको सुरुवात गरेको छ।

## अस्ट्रेलियाको विजयी सुरुवात



काठमाडौं/अस्ट्रेलियाले फिफा विश्वकपमा विजयी सुरुवात गरेको छ। समूह ‘डी’ अन्तर्गत आइतबार बिहान भएको खेलमा अस्ट्रेलियाले टर्कीलाई २-० गोलले हरायो।

टर्कीमाथि एकपक्षीय प्रदर्शन गरेको अस्ट्रेलियालेले २७औं मिनेटमा नेस्टोरी इरानकुन्डा र ७५औं मिनेटमा कोनर मेटाकाल्फले गोल गर्नुभयो। पहिलो जितसँगै अस्ट्रेलियाले तीन अङ्क बनाएको छ।

टर्कीले हारबाट विश्वकपको सुरुवात गरेको छ। यस समूहका आयोजक अमेरिकाले पनि तीन अङ्क बनाएको छ। अमेरिकाले पारावेलाई ४-१ गोलले हराएको थियो।

यस्तै समूह ‘बी’ अन्तर्गत शनिबार राति भएको खेलमा कतार र स्विट्जरल्यान्डले १-१ गोलको बराबरी खेलेका छन्। खेलमा सुरुवाती अग्रता स्विट्जरल्यान्डले लिएको थियो।

१७ औं मिनेटमा ब्रिल एम्बोलोले पेनाल्टीमा गोल गर्दै टोलीको उत्साह जगाए। तर दोस्रो हाफको इन्जुरी समयमा स्विट्जरल्यान्डका मिरो मुहेमको प्रहार आत्मघाती गोलमा परिणत भएपछि कतारको खुसी चुलिएको थियो।

बराबरीसँगै दुवै टोलीले एक एक अङ्क बाँडेका छन्। यसअघि यसै समूहको पहिलो खेलमा क्यानडा र बोस्निया हर्जगोभिनाले पनि १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेका थिए।

## २८ वर्षपछि पुनरागमन गरेको स्कटल्याण्डले हाइटीलाई हरायो



काठमाडौं/हाइटीलाई पराजित गर्दै स्कटल्याण्डले फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ मा सुखद सुरुआत गरेको छ।

अमेरिकाको बोस्टन स्टेडियममा आईतवार सम्पन्न समूह ‘सी’ को खेलमा स्कटल्याण्डले हाइटीलाई १-० गोलअन्तले पराजित गर्दै विश्वकपको आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो।

२८ वर्षपछि विश्वकपमा फर्किएको स्कटल्याण्डले जितसँगै शीर्ष तीन अङ्क जोडेको छ। स्कटल्याण्डले पछिल्लो पटक सन् १९९८ मा विश्वकप खेलेको थियो। त्यसपछि लगातार छनोट हुन सकेको थिएन।

स्कटल्याण्डको जितमा जोन म्याकगिनलले गरेको एक गोल नै निर्णायक गोल साबित भयो। उनले खेलको पहिलो हाफको २८ औं मिनेटमा गोल गरे।

समूह ‘सी’ अन्तर्गत आईतवार बिहान सम्पन्न खेलमा पाँच पटकको विश्वकप विजेता ब्राजिलले मोरक्कोसँग १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेको थियो। यस समूह ‘सी’ मा स्कटल्याण्ड तीन अङ्कका साथ शीर्ष स्थानमा छ भने मोरक्को एक अङ्कका साथ दोस्रो स्थानमा छ।

त्यस्तै, समान एक अङ्क नै बटुलेको ब्राजिल तेस्रो स्थानमा छ। अङ्कविहीन रहेको हाइटी चौथो स्थानमा छ। विश्वकपअन्तर्गत आजै समूह ‘डी’ को खेलमा अस्ट्रेलिया र टर्कीबीच प्रतिस्पर्धा हुनेछ। क्यानडाको भ्यानकुभर स्टेडियममा हुने उक्त खेल अहिले बिहान ९:४५ बजेदेखि सुरु हुनेछ। अर्को समूह ‘इ’ को खेलमा जर्मनी र कुराकाओबीच भिडन्त हुनेछ।

# पहिचान र अस्तित्वको संघर्षः चलचित्र ‘पेड्डी’



काठमाडौं/ दक्षिण भारतीय कलाकार रामचरण अभिनित चलचित्र ‘पेड्डी’ ले खेलकुद, संघर्ष र सामाजिक सन्देशको कथालाई पर्दामा उतारेको छ। चलचित्रले एउटा यस्तो युवाको कथा उजागर गर्छ, जो राज्यको अभिलेखमा नसमेटिएको आफ्नो गाउँको पहिचान र सम्मानका लागि जस्तोसुकै चुनौती सामना गर्न तत्पर छ। ि

क्रकेटको मैदानदेखि कुस्तीको रिङसम्मको उनको यात्रा व्यक्तिगत सफलता मात्र नभई सम्पूर्ण गाउँको अस्तित्व र अधिकारको लडाइँसमेत लडिरहने व्यक्ति हो।

चलचित्रको कथा राम चरणको पात्र वरिपरि घुम्छ, जो ‘पहाडी तिहारी’ क्षेत्रमा कार्यरत एक प्रतिभाशाली क्रिकेट खेलाडी हुन्। उनको मुख्य पीडा आफ्नो गाउँ सरकारी दस्तावेज र योजनामा नसमेटिनु हो, जसका कारण गाउँलेहरू आधारभूत सुविधा र विकासबाट वञ्चित छन्। आफ्नो गाउँलाई सरकारी मान्यता दिलाउन र राज्यको मूलधारमा ल्याउन पेड्डीले कुस्तीको कठिन बाटो रोज्छन्। उनको सफलताले गाउँलाई जनमानस र सरकार दुवैसामु चिनाउन सकोस् भन्ने पवित्र उद्देश्य चलचित्रमा देखाइएको छ।

अभिनयका दृष्टिले पेड्डीको भूमिकामा रामचरणले पुनः एक पटक प्रशंसनीय कार्य गरेका छन्। उनको पर्दामा उपस्थिति, भावनात्मक गहिराइ र द्वन्द्वको अवतारले दर्शकलाई आकर्षित गर्छ। अचियम्माको भूमिकामा जान्हवी कपूरले संवेदनशील र आत्मविश्वासका साथ प्रस्तुति दिए पनि उनको अभिनयले अपेक्षित प्रभाव भने छाड्न सकेको छैन। अनुभवी कलाकार शिव राजकुमारको प्रभावशाली अभिनयले कथालाई बलियो बनाएको छ।

यस्तै, जगपति बाबु र दिव्येन्दु शर्माले आफ्नो भूमिकामा न्याय गरेका छन्। बोमन इरानीको परिपक्व अभिनय सधैँझैँ प्रभावकारी छ। अन्य सह-कलाकारको अभिनय पनि सन्तुलित छ। एआर रहमानको सङ्गीतले चलचित्रको भावलाई अझ सघन बनाएको छ, विशेष गरी ‘चिक्रि’ बोलको गीत र नृत्य आकर्षक छ। दक्षिण भारतीय चलचित्र भए पनि यसको हिन्दी डबिङमा निर्देशक बुची बाबु सानाले विशेष ध्यान दिएको देखिन्छ।

निर्देशक सानाले चलचित्रलाई विशाल क्यानभासमा प्रस्तुत गर्ने प्रयास गरेका छन्। उनले खेलकुद, मानवीय संवेदना र सामाजिक मुद्दाबीच सुन्दर सन्तुलन कायम गरेका छन्। यद्यपि, चलचित्रको पहिलो भागका केही दृश्यहरू अनावश्यकरूपमा लामा लाग्छन्, जसले कथाको गतिलाई केही सुस्त बनाएको महसुस हुन्छ। समग्रमा, सबल कलाकार, भावनात्मक क्षण र प्रेरणादायी कथाका कारण ‘पेड्डी’ दर्शकका लागि एक स्मरणीय चलचित्र बनेको छ।

# ७७ व्यावसायिक कम्पनीलाई मल आयात अनुमति

काठमाडौं/सम्झौताअनुसार ग्लोबल टेण्डरमार्फत् रासायनिक मल आयात हुन नसकेपछि सरकारले निजीक्षेत्रलाई मल आयात गर्न अनुमति प्रदान गरेको छ। कृषि, वन तथा पर्यावरण मन्त्रालयले रासायनिक मल नियन्त्रण आदेश २०५५ ले गरेको व्यवस्थाअनुसार ७७ व्यावसायिक तथा कम्पनीलाई रासायनिक मल आयात गर्न अनुमति प्रदान गरेको हो।

मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठका अनुसार अनुमतिप्राप्त कम्पनीहरुले मुख्यगरि युरिया, डीएपी र पोटासबाहेक अन्य ५५ थरि सूचीकृत मलहरु आयात गर्नेछन्। यसमा बिरुवालाई चाहिने पोषक तत्व र रासायनिक मिश्रणहरु आयात गर्न अनुमति प्रदान गरिएको छ। निजीक्षेत्रले आयात गर्ने मलमा सरकारले कुनै पनि प्रकारको अनुदान उपलब्ध नगराउने भएकाले त्यस्ता मलहरु लागत मूल्यको आधारमा बिक्री गर्नुपर्नेछ।

‘आयातका लागि अनुमति प्राप्त गरेका फर्म र कम्पनीहरुले आफ्नो सुबिधा र पहुँचका आधारमा जुन मुलुकबाट सहज हुन्छ, त्यहाँबाट आयात गर्न पाउँछन्,’ सहसचिव श्रेष्ठले भने–उनीहरुले ल्याउने मलमा सरकारले कुनै पनि प्रकारको अनुदान सुबिधा उपलब्ध नगराउने भएकाले नेपाल आइपुग्ने त्यस्ता मलको लागत मूल्य, कम्पनीले ढुवानी तथा नाफा जोडेर किसानलाई बिक्री गर्छन्।

मन्त्रालयको यस भनाइले निजीक्षेत्रले ल्याउने रासायनिक मल निकै महंगो मूल्यमा बजारमा उपलब्ध हुनसक्छ। किनभने, पछिल्लो समयमा नेपालमा देखिएको रासायनिक मलको अभावलाई टार्न सरकारले निजीक्षेत्रलाई आयातमा प्रोत्साहन गर्दै मल आयात गर्न अनुमति दिइएको श्रेष्ठले जानकारी दिए। मन्त्रालयका अनुसार एमोनियम सल्फेट, सिंगल सुपर फस्फेट, युरिया (दानेदार), डाइअमोनियमन फस्फेट (डीएपी), पोटासियम क्लोराइड (म्युरेट अफ पोटास), क्यालिसयम नाइट्रेट, बोराक्स, म्याग्नेसियम सल्फेट, चिलेटेड आइरन, नानो युरिया लगायत रासायनिक मल आयात गर्न अनुमति प्रदान गरिएको हो।

काठमाडौंको सनटेक इनर्जी कम्पनी, काठमाडौं मल्टिपर्पोस इन्भेस्टमेन्ट, ग्रीन सिड्स, चन्द्रागिरि कृषि कम्पनी, आरोह फर्टिलाइजर्स, गोरखा एग्रो केमिकल्स, साल्ट ट्रेडिङ कर्पोरेसन, आर्या ट्रेडर्स, मेरो एग्रो, सहयोगी नेपाल बहुउद्धेश्यीय, बेला इन्भेष्टमेन्ट, कल्प ट्रेडिङ र खग-राज कृषि उद्योगले रासायनिक मल आयात गर्न अनुमति प्राप्त गरेका छन्। बाराको सन्भी विउ भण्डार र पान हाइब्रिड सिड्स, बाँकेको जी एग्रो ट्रेड, धनवर्षा केमिकल्स एण्ड मल्टिट्रेड र ग्रीन एग्रो ट्रेड एण्ड सप्लायर्स, मोरङको महेश्वरी ट्रेड कन्सर्न, सगरमाथा एग्रो इन्टरनेसनल, नेपाल मल्टिट्रेड सेन्टर, पर्साको उपाध्याय ट्रेडर्स, रौतहटको वी विषादी सेन्टर, झापाको ट्रैङ्गल नेपाल ट्रेडर्स सप्लायर्स, धनुषाको नेपाल एग्रो इक्विमेन्टस्, सर्लाहीको मोस एग्रीकल्चर र कैलालीको जय श्री मष्टा स्टोरलगायत ७७ वटा व्यापारिक प्रतिष्ठानले पनि आयात अनुमति प्राप्त गरेका छन्।

मन्त्रालयले आफ्नै वर्षो धानबाली लगाउने सिजन सुरु हुनै लाग्दा सम्झौताअनुसार रासायनिक मल नआउने स्वीकार गरिसकेको छ। पहाडी भेगमा जेठ अन्तिम सातादेखि र तराईमा असार अन्तिमदेखि साउनसम्म धान रोपाई सुरु हुन्छ। धानबाली लगाउने समय आइपुग्न लाग्दा सम्झौताअनुसार रासायनिक मल नआउने मन्त्रालयले स्वीकार गरेको थियो। मन्त्रालयले बैशाख २८ गते विज्ञप्ति जारी गर्दै सम्झौता भइसकेको करिब १ लाख ८५ हजार मेट्रिक टन युरिया मल र डीएपी आउन नसक्ने अवस्था सिर्जना भएको स्वीकार गरेको छ।

मन्त्रालयका अनुसार सम्झौताअनुसार चालु आर्थिक वर्षको बजेटबाट खरिद सम्झौता भएको १ लाख ८५ हजारमध्ये कृषि सामग्री कम्पनीको ५० हजार मेट्रिक टन युरिया र ६२ हजार ६ सय ५० मेट्रिक टन डीएपी गरी १ लाख १२ हजार ६ सय ५० मेट्रिक टन रासायनिक मल आउन नसक्ने अवस्थामा पुगेको हो। आगामी आर्थिक वर्षको बजेटबाट स्रोत सुनिश्चित भएको बजेटबाट खरिद सम्झौता भएको कृषि सामग्री कम्पनीकै २९ हजार ९ सय मेट्रिक टन रासायनिक मलसमेत आउन नसक्ने अवस्थामा पुगेको छ।

साल्ट ट्रेडिङ कर्पोरेसनतर्फ ४२ हजार ४ सय ५० मेट्रिक टन युरिया मलसमेत सम्झौता भएर आउन नसक्ने अवस्थामा पुगेको हो। सम्झौता भएको मल असारको सुरुआतदेखि साउन महिनामा नेपाल आइपुग्नु पर्ने थियो। मागअनुसार सहजरुपमा आपूर्ति नहुँदा यस वर्ष किसानले मलको लागि चर्को अभाव व्यहोर्नुपर्ने अवस्था सिर्जना भएको छ।

नेपालमा वर्षे धानवालीका लागिमात्र ३ लाख ७५ हजार मेट्रिक टन रासायनिक मलको मांग हुन्छ। यसमध्ये युरिया २ लाख, डीएपी १ लाख ५० हजार र पोटास २५ हजार मेट्रिक टन आवश्यक पर्छ। तर, पछिल्लो समयमा कृषि सामाग्री कम्पनीसँग युरिया ६७ हजार १ सय ७ र साल्ट ट्रेडिङ कर्पोरेसनसँग १३ हजार ७ सय मेट्रिक टन गरी ८० हजार ८ सय ७ मेट्रिक टन मौज्दात छ।

डीएपी कृषि सामग्रीसँग १९ हजार ६ सय ७९ र साल्टसँग २१ हजार ८० मेट्रिक टन गरी ४० हजार ७ सय ५९ मेट्रिक टन मौज्दात छ। पोटासतर्फ कृषि सामग्रीसँग १४ हजार ९६ र साल्टसँग ४ हजार ९ सय ७८ गरी १९ हजार ७४ मेट्रिक टन मौज्दात छ। यसरी हेर्दा हाल उपलब्ध रहेको मौज्दातअनुसार (बाहिरबाट थप आपूर्ति नहुने हो भने) वर्षे धानवालीलाई युरियातर्फ १ लाख १९ हजार १ सय ९३ मेट्रिक टन, डीएपीतर्फ ५९ हजार २ सय ४१ मेट्रिक टन र पोटासतर्फ ५ हजार ९ सय २६ मेट्रिक टन अपुग हुने देखिएको छ।

कृषि सामाग्री कम्पनीका एक अधिकारीका अनुसार पछिल्लो समयमा कतार, ओमान र इण्डोनेसियाबाट ३०/३० हजार मेट्रिक टन गरी कुल ६० हजार मेट्रिक टन युरिया मल सिपमेन्ट हुने तय भएपनि पछिल्लो समयमा इरानले होर्मुज जलडमरुमा गरेको अनिश्चितकालीन बन्दका कारण उक्त युरिया मल आपूर्तिमा अनिश्चितता भएको छ।

‘गत माघ/फागुनमै ग्लोबल टेण्डरमार्फत् सम्झौता भएको ६० हजार मेट्रिक टन युरिया सिपमेन्ट भएर आउने टुंगो लागेको थियो। तर, पुनः होर्मुजमा भएको बन्दका कारण उक्त परिमाणमा मल आउने नआउने अनिश्चित बनेको छ,’ कृषि सामग्री कम्पनीका एक अधिकारीले भने–६० हजार मेट्रिक टन डीएपी पनि आउने छाँट भए पनि त्यो पनि अनिश्चित बनेको छ।

*जीटुजीबाट आउने करिब सुनिश्चित*

रासायनिक मलको बढ्दो अभावबीच भारतले नेपाललाई ५० हजार मेट्रिक टन मल उपलब्ध गराउने भएको छ। भारतले नेपालको विशेष आग्रहलाई सम्बोधन गर्दै कृषिक्षेत्रको आवश्यकता पूरा गर्न यस परिमाणको मल दिन तयार भएको हो। सरकार-सरकार (जीटुजी) प्रक्रियाअन्तर्गत् पहिलो चरणमा ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी मल सहुलियत मूल्यमा नेपाल भित्रिने निश्चित भए पनि युरिया मलको अतिआवश्यक भएको असारदेखि साउन महिनाको साटो असोज महिनामा भित्रिने छन्। मल खरिदका लागि सरकारले बैशाख ११ गतेको मन्त्रिपरिषद् बैठकबाट ६० हजार मेट्रिक टन युरिया र ४० हजार मेट्रिक टन डीएपी खरिद गर्ने नीतिगत् निर्णय गरेको थियो।

## कार्यान्वयन होला त ३०/५५ ?




काठमाडौं/सरकारले संघीय निजामती सेवा विधेयकमार्फत् ३० वर्ष सेवा अवधि पूरा गरेका र ५५ वर्ष उमेर कटेका कर्मचारीलाई अनिवार्य अवकाश दिने व्यवस्था अघि बढाएपछि देशभर गम्भीर असन्तोष, त्रास र संवैधानिक तथा कानुनी बहस एकसाथ चुलिएको छ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा तयार पारिएको विधेयक कानुन मन्त्रालयमा छलफलका क्रममा छ। तर, उक्त प्रस्ताव सार्वजनिक भएसँगै हजारौं निजामती कर्मचारी आफूहरुलाई अपराधीजस्तो व्यवहार गरिएको अनुभूति भएको भन्दै आन्तरिकरुपमा आक्रोशित बनेका छन्। सरकारले यसलाई प्रशासन सुधार र नयाँपुस्तालाई अवसर दिने कदमका रुपमा व्याख्या गरिरहेको भए पनि प्रशासनविद्, पूर्वप्रशासक र प्रभावित कर्मचारीहरु भने यस कदम विद्यमान कानुन, संविधान र प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको दाबी गरिरहेका छन्।

प्रस्तावित व्यवस्थाबाट एकैपटक १० हजारभन्दा बढी कर्मचारी प्रभावित हुनसक्ने अनुमान गरिएको छ। सचिव बढुवाको चरणमा रहेका सहसचिवदेखि अनुभवी उपसचिवसम्म अन्यौल र तनावमा छन्। देशभरका पुराना शाखा अधिकृत, खरिदार र सुब्बाहरु पनि आफूहरु राज्यबाट चरम अन्यायमा पर्न लागेको अनुभूति गरिरहेको बताउन थालेका छन्। उनीहरु आफूहरु एक्लो हुन पुगेको र न्यायको आशमा बस्नुपरेको भन्दै दुःखेसो पोख्न थालेका छन्। हजारौं कर्मचारीहरुमा यस प्रकारको मनोदशा विकास हुनु सरकारकै लागि प्रत्युत्पादक हुनसक्ने भन्दै प्रशासन विद्ले पनि सरकारलाई यस्ता कार्यहरु रोक्न चेतावनी दिन थालेका छन्।

धेरै कर्मचारी खुलेर बोल्न नसक्ने अवस्थामा भए पनि भित्रभित्रै मौनविद्रोहको मनोविज्ञान बढिरहेको प्रशासनिक वृत्तमा चर्चा सुरु भएको छ। प्रशासनविद् तथा पूर्वसचिव श्यामप्रसाद मैनालीले सरकारले अघि बढाएको व्यवस्था प्रशासनिक सुधार भन्दा बढी प्रत्युत्पादक राजनीतिक हतार जस्तो देखिएको टिप्पणी गरेका छन्। उनले भने–सरकारी सेवा भनेको कर्मचारी र सरकारबीचको संस्थागत् सम्झौता हो। लोकसेवा परीक्षा पास गरेर प्रवेश गर्दा कर्मचारीले जुन सेवाशर्त स्वीकार गरेका हुन्छन्, त्यसलाई सरकारले पछि भुतप्रवाही कानुन बनाएर प्रतिकूल असर पर्ने गरी बदल्न मिल्दैन।

मैनालीका अनुसार यदि सरकारले सबैका लागि समानरुपमा उमेरहद घटाउने नीति ल्याएको भए एउटा नीतिगत् बहस हुन सक्थ्यो। तर एकपटकका लागि भनेर हजारौं कर्मचारीलाई लक्षित गर्दै जबर्जस्ती अवकाश दिन खोजिनु विभेदपूर्ण र प्राकृतिक न्यायविपरीत देखिएको उनको तर्क छ। ‘सरकारले पुराना र अनुभवी कर्मचारीलाई बोझ वा अपराधीजस्तो व्यवहार गर्न खोजेको सन्देश गएको छ।

बाँकी ४ पेजमा . . .

# नवप्रवर्तनात्मक व्यवसायिक.....

उद्यमी बन्न जोखिम बहन गर्न सक्नुपर्नेमा जोड दिए। उनले प्रत्येक स्टार्टअपको व्यवसाय विस्तारका लागि २५ हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

प्रतियोगिताको मूल्याङ्कन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका पूर्वकार्यकारी निर्देशक ईन्जिनियर उमेशकुमार गुप्ता, काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टका निर्देशक प्राध्यापक डा. विनोदकृष्ण श्रेष्ठ तथा उद्योग वाणिज्य संघ मकवानपुरकी महासचिव प्रतिमा श्रेष्ठले गरेका थिए।

दुई चरणमा सञ्चालन गरिएको कार्यक्रममा पहिलो चरणमा आयोजित उद्यम प्रदर्शनीमा सहभागीहरूले आफ्ना उत्पादन तथा सेवाको प्रदर्शन गरेका थिए भने दोस्रो चरणमा आयोजित व्यवसायिक प्रस्तुति प्रतियोगितामा उद्यमीहरूले निर्णायक मण्डलसमक्ष आफ्ना नवउद्यमको अवधारणा, सम्भावना तथा व्यवसायिक योजना प्रस्तुत गरेका थिए।

कार्यक्रम संयोजक ईशा सिलवालले आईहबले बिगत पाँच वर्षदेखि उद्यमशीलताको विकास र दिगो उद्यमशीलता इकोसिष्टम निर्माणका लागि काम गर्दै आएको जानकारी गरइन्।

उनका अनुसार आईहबले हालसम्म व्यवसाय इन्क्युबेशनका पाँच समूह सञ्चालन गरिसकेको छ, जसमध्ये सात वटा व्यवसाय औपचारिकरूपमा दर्तासमेत भइसकेका छन्। उनले उद्यमी पाठशाला छ महिनाको शैक्षिक इन्क्युबेशन कार्यक्रम भएको उल्लेख गर्दै नवप्रवर्तनलाई प्रोत्साहन गर्ने तथा प्रारम्भिक चरणका स्टार्टअपहरूलाई आवश्यक स्रोत, परामर्श, मार्गदर्शन र सञ्जाल विस्तारका अवसर उपलब्ध गराउने उद्देश्य रहेको बताइन्।

उनका अनुसार उद्यमी पाठशालाको छैठौं समूह आगामी २०८४ मंसिरदेखि सञ्चालन गरिनेछ। नवप्रवर्तन र उद्यमशीलतालाई उच्च प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिएको क्याम्पसले जनाएको छ।

म्यानेजमेण्ट हेटौंडाकै निकै लोकप्रिय महाबिद्यालय हो।

## बीमालेख हराएको सूचना


यही मिति २०८३ बैशाख १२ गते हेटौंडाको बुद्धचोकबाट मानसचोकसम्म आउने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

**बीमा कम्पनीको नाम** : हिमालयन लाईफ इन्योरेन्स लिमिटेड
**बीमालेखदाताको नाम** : गोकर्ण बर्तौला
**ठेगाना** : हेटौंडा-२, मानसचोक, मकवानपुर
**बीमालेख नं.** : १३-GLI०५१०००३५०७
**सम्पर्क नम्बर** : ९८४५१०७२८६










आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*आज बजेट*

# गेटमा ताला लगाएर बनाइएको बजेट कस्तो आउला ?

सन्देश संवाददाता




हेटौंडा/बागमती प्रदेश सरकार यतिबेला आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माणको चटारोमा छ । आज असार १ गते आगामी आर्थिक वर्षको बजेट सदनमा प्रस्तुत गर्ने तयारीमा रहेका कारण प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेटको अन्तिम इन्ट्री भइरहेको कर्मचारीहरु बताउँछन् ।

बजेट तर्जुमा तथा आयोजना छनौट निर्देशिका २०८३ अनुसार सम्बन्धित मन्त्रालयहरुको जिल्लास्थित कार्यालयहरुबाट आएर मन्त्रालयहरुले इन्ट्री गराएको बजेटलाई अन्तिम रुप दिने तयारीमा मन्त्रालय जुटेको बताइएको छ ।

यसअघि पहुँचका आधारमा बजेट विनियोजन भएको भन्दै आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमासम्बन्धि नयाँ निर्देशिका नै जारी गरेको थियो । योजना मागका लागि सम्बन्धित जिल्ला कार्यालयहरुबाट संकलन गरेर योजना बैंकमा पठाउने निर्देशिकामा उल्लेख गरिएको थियो । जसले बजेट बनाउँदा मन्त्रालयहरुमा पहुँचवालाको भीड कम गर्ने लक्ष्यमा थिए, बागमती प्रदेशका अर्थमन्त्री प्रभात तामाङ ।

चालु आर्थिक वर्षको बजेट निर्माण गर्दा तत्कालीन आर्थिक मामिला मन्त्री कुन्दनराज काफ्लेले २ साताअघि देखि मन्त्रालयमा ताला लगाएर बजेट बनाएको आरोप खेपेका थिए । यही आरोपबाट मुक्ति पाउन हालका मन्त्री तामाङले बजेट बनाउने विषयमा अर्थ धाउन नपर्ने गरी निर्देशिका जारी गरेको दाबी गर्दै आएका थिए । तर, बजेट निर्माण प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउने उद्धेश्यले लागु गरेको बजेट तर्जुमा तथा आयोजना छनौट निर्देशिका २०८३ व्यवहारमा कार्यान्वयन हुन नसकेको भन्दै योजना बजेट किताबमा पार्न मन्त्रालय धाउन्नेहरुको लर्कोलागेको छ । जसकारण मन्त्रालयको गेटमा ताला नै लगाउनुपर्ने स्थिति सिर्जना भएको छ ।

बजेट निर्माणको अन्तिम चरणमा मन्त्रालयमा सरोकारवाला निकाय, स्थानीय तहका प्रतिनिधि, कर्मचारी तथा विभिन्न समूहको अत्यधिक भीड बढेपछि चाप व्यवस्थापन गर्न नसकेपछि मन्त्रालयमा प्रवेश निषेधको सूचना टाँसिएको छ । गेटमा टाँसिएको पर्चामा लेखिएको छ–बजेट तर्जुमा सम्बन्धि कार्य भइ रहेको हुँदा अनुमतिबिना प्रवेश निषेध ।

बजेट निर्माणको संवेदनशील चरणमा एकैपटक धेरै पक्षबाट योजना समावेश गराउन दबाब बढेपछि मन्त्रालय प्रशासनले भीड नियन्त्रणका लागि कडा कदम चालेको प्रदेश सरकारका प्रवक्तासमेत रहेका आर्थिक मामिला मन्त्री तामाङ बताउँछन् । योजना माग गर्न आउनेलाई भन्दा पनि योजना पार्न दबाब दिन आउनेका लागि प्रवेश निषेध गरिएको उनको भनाइ छ । उनका अनुसार बजेट निर्माण अन्तिम चरणमा भएकाले अनावश्यक चहलपहल रोक्न यस्तो व्यवस्था गरिएको हो । भीड नियन्त्रणपछि मन्त्रालयभित्र बजेटको अन्तिम मस्यौदा तयार गर्ने काम सीमित टोलीबाट अघि बढाइएको छ । स्रोतहरुका अनुसार अर्थमन्त्री तामाङ स्वयम् मन्त्रालयभित्र रहेर बजेट समन्वय र अन्तिम रुप दिने प्रक्रियामा संलग्न छन् ।

चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको बजेट आकार घटेर आउने भएकाले सिलिङको आकार पनि घटाइएको प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री तामाङले बताए ।

बजेट कार्यान्वयन गर्ने बेलामा मन्त्रालयहरु मर्ज हुने भएकोले सोहीअनुसार बजेट बनाइने तयारी रहेको तामाङको भनाइ छ । चालु आर्थिक वर्षमा ६४ अर्ब बजेट ल्याएकोमा आगामी आर्थिक वर्षमा ५० देखि ५२ अर्ब हाराहारीमा बजेट बन्ने बताइएको छ । उनका अनुसार आगामी आर्थिक वर्षको बजेटमा पूर्वाधारतर्फ टुक्रे योजनाहरु समावेश गरिने छैनन् । सवारीसाधन खरिद, एउटै प्रकृतिको तालिम, भ्रमण तथा अवलोकन जस्ता शीर्षकहरुमा बजेट विनियोजन नगरिने भएको छ ।

## सडक आश्रित मानव व्यवस्थापनका लागि कार्यविधि स्वीकृत



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले सडक आश्रित तथा सहयोगी अपेक्षित मानवहरूको उद्धार, पुन:स्थापना र व्यवस्थापन कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन नयाँ कार्यविधि स्विकृत गरेको छ ।

आइतबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले 'सडक आश्रित सहयोगी अपेक्षित मानव उद्धार, पुन:स्थापना तथा व्यवस्थापन कार्यविधि' स्वीकृत गर्ने निर्णय गरेको हो । कार्यविधि लागू भएपछि सडकमा आश्रित भई जीवनयापन गरिरहेका तथा संरक्षण र सहयोग आवश्यक भएका व्यक्तिहरूको पहिचान, उद्धार, पुन:स्थापना तथा दीर्घकालीन व्यवस्थापनका कार्यहरू थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

बैठकका निर्णय सार्वजनिक गर्दै खानेपानी, ऊर्जा तथा सिंचाइमन्त्री कृष्णकुमार तामाङले सडक आश्रित तथा संरक्षण आवश्यक भएका नागरिकको उद्धार र व्यवस्थापनलाई संस्थागत तथा व्यवस्थित बनाउन कार्यविधि ल्याइएको जानकारी गराए । उनका अनुसार कार्यविधिले सम्बन्धित निकायबीच समन्वय बढाउँदै उद्धार तथा पुन:स्थापनाका कार्यक्रमलाई थप व्यवस्थित बनाउनेछ ।

यसैगरी मन्त्रिपरिषद् बैठकले बागमती प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पदमा उमेशकुमार ढकाललाई जिम्मेवारीसहित पदस्थापन गर्ने निर्णय समेत गरेको छ । प्रदेश सरकारले सामाजिक सुरक्षा तथा मानव सेवासम्बन्धी कार्यलाई प्राथमिकतामा राख्दै सडक आश्रित र सहयोगी अपेक्षित मानवहरूको जीवनस्तर सुधार तथा पुन:स्थापनाका लागि आवश्यक नीतिगत व्यवस्था गरेको छ

*मकवानपुरगढीमा फुट्सल प्रतियोगिता*

# पहिलो दिनमा ८ खेल सम्पन्न

हेटौंडा/मकवानपुरगढी गाउंपालिका ३ नम्बर वडा खेलकुद बिकास समितिको आयोजनामा सुरु भएको फुट्सल प्रतियोगिता आईतबारबाट सुरु भएको छ ।

रनिङशिल्ड प्रतियोगिताको पहिलो दिन आइतबार ८ वटा खेलहरु सम्पन्न भएका छन् । पहिलो खेलमा आयोजक वडा नं. ३ 'ए' ले देवीडांडा युवा क्लबलाई ६–१ गोल अन्तरले पराजित गर्दै विजयी सुरुआत गरेको थियो । दोस्रो खेलमा वडा नं. २ खेलकुद विकास समितिले प्रतिभा युवा क्लब 'बि' लाई ६–४ गोल अन्तरले हरायो ।

त्यसैगरी स्यार्गे गुम्बा र प्रतिभा युवा क्लब 'ए' बीच भएको खेलमा प्रतिभा युवा क्लब 'ए' ५–१ गोल अन्तरले विजयी बन्यो भने अर्को खेलमा कालीखोला स्पोर्ट्स क्लबले वडा नं. ३ 'बि' लाई ९–२ गोल अन्तरले पराजित गऱ्यो ।

देवीडांडा युवा क्लबले स्यार्गे गुम्बालाई ३–२ गोल अन्तरले हरायो भने वडा नं. २ खेलकुद विकास समितिले आयोजक वडा नं. ३ 'बि' लाई ७–४ गोल अन्तरले पराजित गऱ्यो । कालीखोला स्पोर्ट्स क्लब र प्रतिभा युवा क्लब 'बि' बीच भएको खेलमा प्रतिभा युवा क्लब 'बि' ७–२ गोल अन्तरले विजयी भयो ।

रोमाञ्चक खेलमा आयोजक वडा नं. ३ 'ए' र प्रतिभा युवा क्लब 'ए' बीच ४–४ गोलको बराबरी भएको थियो । आयोजकका अनुसार प्रतियोगिताअन्तर्गत आइतबार पहिलो खेलमा वडा नं. २ खेलकुद विकास समिति र कालीखोला स्पोर्ट्स क्लबबीच प्रतिस्पर्धा हुनेछ । दोस्रो खेलमा स्यार्गे गुम्बा र आयोजक वडा नं. ३ 'ए' आमनेसामने हुनेछन् । त्यसपछि प्रतिभा युवा क्लब 'बि' र वडा नं. ३ 'बि' बीच खेल हुनेछ भने प्रतिभा युवा क्लब 'ए' र देवीडांडा युवा क्लबबीच पनि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको उद्घाटन मकवानपुरगढी गाउंपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानले गरेका थिए । उद्घाटन समारोहमा वडा नं. ३ का वडाध्यक्ष भागवत घिमिरेको विशेष आतिथ्यता रहेको थियो भने खेलकुद समितिका अध्यक्ष अष्टमान थोकरको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा विभिन्न संघ/संस्थाका प्रतिनिधि तथा स्थानीय खेलप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै गाउपालिका अध्यक्ष स्याङतानले खेलकुद क्षेत्रको विकासका लागि पालिकाले निरन्तर लगानी र प्रोत्साहन गर्दै आएको बताए । युवालाई खेलकुदतर्फ आकर्षित गर्न तथा प्रतियोगितालाई थप व्यवस्थित बनाउन आगामी दिनमा समेत पालिकाबाट आवश्यक बजेट विनियोजन गरिने उनले बताए ।

प्रतियोगिताको विजेता टोलीले ७५ हजार रुपैयाँ तथा उपविजेता टोलीले ५० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । साथै विभिन्न विधामा उत्कृष्ट खेलाडीलाईसमेत पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिता सञ्चालनका लागि मकवानपुरगढी गाउंपालिकाले २ लाख ९० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ ।

प्रतियोगितामा स्थानीय वडागतरुपका ८ टोलीको सहभागिता रहेको छ ।

# बागमती प्रदेश खेलकुद असार ३ देखि




सन्देश संवाददाता

हेटौंडा/तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता असार ३ गतेदेखि सुरु हुने भएको छ । युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत् प्रदेश खेलकुद विकास परिषद्ले प्रतियोगिता असार ३ देखि ९ गतेसम्म सञ्चालन गर्ने तयारी पूरा गरेको जनाएको छ ।

यसअघि जेठ २४ देखि ३० गतेसम्म प्रतियोगिता आयोजना गर्ने निर्णय भए पनि आवश्यक आन्तरिक तयारीका कारण मिति परिवर्तन गरिएको थियो । परिषद्को २४ औं बोर्ड बैठकले जेठ महिनामै प्रतियोगिता गर्ने निर्णय गरे पनि व्यवस्थापन तथा प्राविधिक तयारीलाई थप व्यवस्थित बनाउन प्रतियोगिता केही समय पछाडि सारिएको हो ।

प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाका अनुसार प्रतियोगिता सञ्चालनका लागि आवश्यक अधिकांश तयारी पूरा भइसकेको छ । परिषद्ले प्रतियोगिताको विस्तृत खेलतालिका तथा विभिन्न खेलका प्राविधिक संयोजकको नामावलीसमेत सार्वजनिक गरिसकेको छ । प्रतियोगिताको औपचारिक उद्घाटन असार ३ गते हेटौंडामा हुनेछ भने समापन समारोह असार ९ गते गरिनेछ । यद्यपि एथलेटिक्सतर्फका प्रतिस्पर्धा भने असार १ गतेदेखि नै हेटौंडाको पिप्ले क्याम्पा रंगशालामा सुरु हुनेछ । प्रतियोगितामा फुटबल, क्रिकेट, भलिबल, बक्सिङ, कराते, तेक्वान्दो, एथलेटिक्स, ब्याडमिन्टन, पौडी, उसु, आईटीएफ तेक्वान्दो, फुल कन्ट्याक्ट कराते, बुद्धिचाल, जुडो तथा टेबलटेनिस गरी १५ विधाका खेल समावेश गरिएका छन् । प्रतियोगितामा प्रदेशका १३ जिल्लाका खेलाडीले सहभागिता जनाउने छन् ।

परिषद्का अनुसार प्रतियोगितामा २ हजार ९ सय ५५ खेलाडी तथा १ हजार २ सय ६ जना अफिसियल सहभागी हुनेछन् । यसरी कुल ४ हजार १ सय ६१ जनाको प्रत्यक्ष सहभागिता रहने अनुमान गरिएको छ । अधिकांश खेल प्रतियोगिता हेटौंडामा सञ्चालन गरिनेछ । पुरुष तथा महिला फुटबल, पुरुष क्रिकेट, बक्सिङ, तेक्वान्दो, एथलेटिक्स, ब्याडमिन्टन, आईटीएफ तेक्वान्दो, फुल कन्ट्याक्ट कराते, बुद्धिचाल तथा टेबलटेनिसका खेल हेटौंडाका विभिन्न खेलस्थलमा आयोजना गरिनेछ । महिला क्रिकेट तथा करातेका प्रतिस्पर्धा चितवनमा हुनेछन् भने भलिबल, पौडी, उसु र जुडोका खेल काठमाडौं र ललितपुरका विभिन्न खेलमैदान तथा कभर्डहलमा सञ्चालन गरिनेछ ।

खेलगत् सहभागिताको तथ्यांकअनुसार एथलेटिक्समा सबभन्दा बढी ४ सय ५५ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिता सञ्चालनका लागि बागमती प्रदेश सरकारले १३ करोड २० लाख बजेट विनियोजन गरेको छ । फुटबलमा ३ सय ६०, भलिबलमा ३ सय १२, तेक्वान्दोमा २ सय ६२, क्रिकेटमा २ सय २४, करातेमा २ सय १८, आईटीएफ तेक्वान्दोमा २ सय १८, बक्सिङमा १ सय ७०, उसुमा १ सय ५९, जुडोमा १ सय ३८, फुल कन्ट्याक्ट करातेमा १ सय ३०, ब्याडमिन्टनमा ७८, बुद्धिचालमा ७८, टेबलटेनिसमा ७८ तथा पौडीमा ७५ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितालाई प्रभावकारी र व्यवस्थित बनाउन विभिन्न खेलका अनुभवी प्राविधिक तथा खेलविज्ञलाई संयोजकको जिम्मेवारी दिइएको छ । क्रिकेटमा अनिल अधिकारी, भलिबलमा सुनिता गौतम, करातेमा रवि महर्जन, फुटबलमा अमृत लुङ्वा तथा एथलेटिक्समा शुक्र माझीलाई

# पञ्चवर्षीय योजनामा पालुङ क्याम्पस

हेटौंडा/थाहा नगरपालिकास्थित पालुङ क्याम्पसको सञ्चालक समितिको अध्यक्षमा सुरेन्द्रमान प्रधान निर्विरोध निर्वाचित भएका छन् । यसअघि उपाध्यक्ष र एक कार्यकाल सञ्चालक समितिको सदस्यको अनुभव प्राप्त गरिसकेका प्रधान २३ औं क्याम्पस परिषद्बाट अध्यक्षमा मधुसूदन रायमाझीले दिएको उम्मेद्वारी फिर्तापछि निर्विरोध भएका हुन् ।

प्रत्यक्ष निर्वाचित हुने विधिअन्तर्गत् समितिका सदस्यहरुमा राजीवकुमार स्यांतान, हीरेन्द्रकुमार रायमाझी, मनोज अधिकारी, सुदर्शन कार्की, सगुनकुमार ढकाल, रिता प्रधान, केदार कार्की, सहदेव ढकाल, बलराम थापा र राजकुमार केसी निर्विरोध भएको निर्वाचन अधिकृत निरञ्जन अधिकारीले जानकारी दिए । निर्विरोध निर्वाचित अध्यक्ष प्रधानले स्वीकारोक्ति मन्तव्य राख्दै स्नातक तहका लागि उत्तरी मकवानपुरकै एकमात्र क्याम्पस भएको हुँदा सबैले साझाढंगले लिन सबैलाई आग्रह गरे । एक करोड बढी भुक्तानी दायित्व रहेको क्याम्पसलाई आत्मनिर्भर बनाउन निकै चुनौती रहेको बताउँदै प्रधानले सञ्चालक समितिले तत्काल पञ्चवर्षीय योजना बनाइ अघि बढ्ने बताए ।

कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि बागमती प्रदेश सांसद् कुमारी मुक्तानले सिपमूलक शिक्षामा जोड दिएर विद्यार्थी बढाउने अभियानलाई महत्व दिनुपर्नेमा जोड दिइन् । जिल्ला समन्वय समिति प्रमुख ललित घलानले स्थानीय सरकारले क्याम्पसलाई विशेष महत्व दिएकोमा धन्यवाद दिँदै जिससले आवश्यक समन्वयका लागि तयार रहेको बताए ।

कार्यक्रमका सभाध्यक्ष मेयर विष्णुबहादुर बिष्टले आफू सदैंव आवश्यक सहयोग गर्न तत्पर रहेको बताए । क्याम्पसका कारण घरघरमा स्नातक गर्नेहरुको संख्या बढेकोमा खुशी व्यक्त गर्दै सबैले क्याम्पसको संरक्षण र सम्वर्द्धनमा लाग्नुपर्ने उनले बताए ।

कार्यक्रममा नेपाली कांग्रेस नगर सभापति प्रमोदकृष्ण जोशी, नेकपाका प्रदेश सदस्य अरुण रायमाझी, तत्कालीन दामन पालुङ आर्थिक विकास सहयोग समिति अध्यक्ष श्यामभक्त श्रेष्ठ, त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि राजमान महर्जन, बेलायतका पूर्वएनाआरएन अध्यक्ष चिरञ्जीवी ढकाल, पालुङ बहुउद्धेश्यीय सहकारी संस्था अध्यक्ष कृष्णबहादुर बिष्ट, ३ नम्बर वडाध्यक्ष हीरेन्द्रकुमार रायमाझी, क्याम्पसका पूर्वलेखापाल मधुसूदन रायमाझीलगायतले क्याम्पसले उत्तरी मकवानपुरको शैक्षिक विकासका लागि पुऱ्याएको योगदानको कदर गरे ।

कार्यक्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष विष्णुबहादुर बिष्टले नीति तथा कार्यक्रम, कोषाध्यक्ष बिमलकुमार ढकालले आर्थिक प्रतिवेदन, क्याम्पस प्रमुख राजन मिश्रले पेश गरेको प्रगति प्रतिवेदन पारित भएको छ । सभाले क्याम्पसको विधान संशोधन गर्दै प्रत्येक ४ वर्षमा क्याम्पससभा बस्ने, सभाले परिषद् गठन गर्ने र परिषद्ले सञ्चालक समिति गठन गर्ने व्यवस्था गरिएको छ । यसअघि क्याम्पससभाको परिकल्पना थिएन । अब परिषद्को संख्या २ सय २२ बाट घटेर ९१ कायम गरिएको छ । सञ्चालक समितिमा भने २ मनोनीत सदस्य थप गरी २१ पुऱ्याइने छ भने उपाध्यक्ष र कोषाध्यक्ष समितिको बैठकले निर्वाचित गर्ने व्यवस्था छ ।

क्याम्पसमा योगदान पुऱ्याउने र राम्रो नतिजा ल्याएका विद्यार्थीलाई सम्मान गरिएको थियो । विधान संशोधन प्रस्तावमा तत्कालीन क्याम्पस अध्यक्ष सानोभाइ कार्की, परिषद् सदस्य अरुण रायमाझी लगायतले सुझाव दिएका थिए ।

# ६ सयभन्दा बढी नागरिक लाभान्वित

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा–४ कार्यालयको आयोजनामा, नेपाल हृदयरोग निवारण प्रतिष्ठानको सहआयोजनामा, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको विशेष सहयोग तथा टोलविकास संस्था नगर समन्वय समिति हेटौंडाको व्यवस्थापनमा सञ्चालन गरिएको बृहत् नि:शुल्क स्वास्थ्य परीक्षण शिविर शनिबार सफलतापूर्वक सम्पन्न भएको छ ।

नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरका वरिष्ठ उपाध्यक्ष ध्रुव भुजेलको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री किरण थापाको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका वडा–४ का अध्यक्ष नवीन सिग्देल, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाई, टोलविकास संस्था नगर समन्वय समिति हेटौंडा अध्यक्ष ध्रुवप्रसाद अधिकारीलगायतको विशेष आतिथ्यता थियो ।

शिविरमा हेटौंडा–४ तथा विभिन्न क्षेत्रका ६ सयभन्दा बढी नागरिकले नि:शुल्क स्वास्थ्य सेवा प्राप्त गरेका छन् । शिविरमा मुटुरोग, स्त्रीरोग तथा क्षयरोगसम्बन्धि विशेषज्ञ सेवा, भिडियो एक्सरे, ईसीजी, इको परीक्षण, छातिको एक्सरे, पीएफटी (दम परीक्षण), सुगर तथा लिपिड प्रोफाइल परीक्षण, महिलाको पाठेघर तथा पाठेघरमुखको क्यान्सर परीक्षण, सामान्य स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो । आवश्यक परेका बिरामीहरुलाई नि:शुल्क औषधि वितरणसमेत गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि स्वास्थ्य मन्त्री थापाले स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार भएको उल्लेख गर्दै सरकार स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याउन प्रतिबद्ध रहेको बताए । उनले यस्ता शिविरले समयमै रोग पहिचान गरी उपचारमा सहजता ल्याउने तथा स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे ।

वडा अध्यक्ष सिग्देलले वडा कार्यालयले नागरिकको स्वास्थ्य, शिक्षा र सामाजिक विकासलाई प्राथमिकतामा राख्दै विभिन्न जनमुखी कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले शिविरमा उल्लेखनीय सहभागिता जनाइ स्वास्थ्य परीक्षण गराउनुभएकोमा सम्पूर्ण नागरिकप्रति धन्यवाद व्यक्त गरे । टोलविकास संस्था नगर समन्वय समिति अध्यक्ष एवम् कार्यक्रम व्यवस्थापक अधिकारीले स्वस्थ्य नागरिक समृद्ध समाजको आधार भएको उल्लेख गर्दै समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने बताए । उनले शिविर सफल बनाउन सहयोग गर्ने सम्पूर्ण संस्था, चिकित्सक, स्वास्थ्यकर्मी, स्वयम्सेवक तथा सहभागी नागरिकप्रति हार्दिक आभार व्यक्त गरे ।

शिविरमा विशेषज्ञ चिकित्सक टोली, स्वास्थ्यकर्मी, स्वयम्सेवक तथा स्थानीय जनप्रतिनिधिको सक्रिय सहभागिता थियो । आयोजकका अनुसार शिविरले समुदायका नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । कार्यक्रम सफलतापूर्वक सम्पन्न भएपछि आयोजक संस्थाहरुले भविष्यमा पनि यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धि कार्यक्रमहरुलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका

# आफ्नै स्कुललाई वाग्लेको १५ करोड कृपा

सन्देश संवाददाता





काठमाडौं/अर्थमन्त्री स्वर्णिम वाग्लेले बुढानीलकण्ठ स्कुललाई १५ करोड रुपियाँ अनुदान दिएको खुलेको छ । बजेट बनाउँदा अनियमितिता गरेको चर्चा चलिरहेको बेला मन्त्री वाग्लेले आफैंले पढेको विद्यालयलाई १५ करोड रुपियाँ अनुदान दिएका हुन् । मन्त्रीले नियमित अनुदानबाहेक थप १५ करोड ५० लाख रुपियाँ अनुदान दिएका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयको बजेटमा बुढानीलण्ठ स्कुललाई छात्रवृत्ति अनुदानबापत् ६ करोड र थप १५ करोड ५० लाख रुपियाँ उपलब्ध गराउने निर्णय गरेका छन् । मन्त्रालयस्रोतका अनुसार मन्त्री वाग्लेले १५ करोड रुपियाँ अनुदान दिएपछि पूर्वविद्यार्थीको संगठन बुढानीलकण्ठ अल्मुनाई र उनी निकटका कर्मचारी खुशी भएका छन् । आफ्नो हात जगन्नाथ भनेझैं अर्थमन्त्री वाग्लेले आफू पढेकै विद्यालयलाई औचित्यबिना यति धेरै अनुदान दिएको विषय सर्वत्र चर्चा भएको छ ।

बजेटमा गण्डकी आवासीय माध्यमिक विद्यालयलाई छात्रवृत्ति अनुदानबापत् २ करोड, स्वर्गद्वारी आश्रमलाई ५ लाख, काशी हिन्दु विश्वविद्यालयमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने नेपाली चेयरको सुबिधाबापत् ६० लाख रुपियाँ बजेट व्यवस्था गरिएको छ । मन्त्री वाग्लेले नियमितबापत् आफूअनुकूल मनपरि बजेट व्यवस्था गरेको आरोप लागेको छ । बजेट छलफलका क्रममा मन्त्री वाग्लेले संसद्मा मनपरि बोलेको आरोप पनि लागेको छ ।

बजेटमा बुटबल र बर्दिबास मेडिकल कलेज पूर्वाधार विकास आयोजना मन्त्रीका लागि सशर्त पुँजीगत् अनुदानबापत २५–२५ करोड, सुर्खेत मेडिकल कलेज पूर्वाधार विकास आयोजनाका लागि ३ करोड रुपियाँ विनियोजना गरिएको छ । शिक्षा मन्त्रालयको बजेटमा राष्ट्रिय एन्टिडोपिङ कार्यालय स्थापना गर्न ३४ लाख ५० हजार रुपियाँ उल्लेख छ । साउन १ गतेबाट लागु हुने आर्थिक वर्ष २०८३/०८४ बजेटमा इलेक्ट्रिक थर्मसदेखि हिटर, थर्मस, प्रिन्टरलगायत दर्जन बढी शीर्षकमा बजेट विनियोजन गरिएको छ । 'अरु सबै विषय सामान्य हो, मन्त्री वाग्ले आफैंले मन्त्रालयमा दबाब दिएर पूर्वविद्यार्थीको हैसियतमा बुढानीलकण्ठ स्कुललाई १५ करोड अनुदान दिनु गम्भीर विषय हो । यस विषयमा सरकार आफैंले सोच्नुपर्छ,' – स्रोतले भन्यो । बजेटमा खेलकुदतर्फको चालु बजेट २ करोड ४२ लाख रुपियाँ छुट्ट्याएको छ ।

आगामी आर्थिक वर्षको बजेटमार्फत् शिक्षाक्षेत्रमा २ खर्ब १८ अर्ब ३० करोड विनियोजन गरिएको छ । विद्यालय तथा उच्चशिक्षाको सुदृढीकरण, शिक्षामा पहुँच विस्तार, गुणस्तर अभिवृद्धि, नवप्रवर्तन तथा सिप विकास प्रवर्द्धन र शैक्षिक सुधारका लागि कार्यक्रम घोषणा गरिएको छ ।

*"बोत्तल देउ, बिरुवा लिउ" अभियान*

# अभियानअन्तर्गत बिरूवा वितरण

हेटौंडा/ हेटौंडा–७ स्थित श्रीनिवास टोल विकास संस्थाको परिसरमा आयोजित 'बोत्तल देउं, बिरुवा लिउं' अभियानअन्तर्गत १५० भन्दा बढी फलफूलका बिरुवा वितरण गरिएको छ । कार्यक्रम टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाको आयोजनामा, हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा वडा समन्वय समिति हेटौंडा–७ र श्रीनिवास टोल विकास संस्थाको समन्वयमा सम्पन्न भएको हो ।

समितिका अध्यक्ष धुवप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. ७ का अध्यक्ष दामोदर गौतमले प्रमुख अतिथिको आशनबाट बोल्दै रुख रोप्नाले सन्ततीले सुख पाउने बताउदै सबैलाई यस अभियानमा सहभागि हुन आग्रह गरे । उनले वातावरण संरक्षण आजको आवश्यकता भएको उल्लेख गर्दै यस्ता सामुदायिक अभियानले सरसफाइ, हरियाली विस्तार र नागरिक चेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

कार्यक्रममा विभिन्न टोल विकास संस्थाका प्रतिनिधि तथा स्थानीय अगुवाहरूको उपस्थिति रहेको थियो । अभियानअन्तर्गत स्थानीय बासिन्दाबाट संकलित प्लास्टिकका बोतलको सट्टामा लिची, आंप, अम्बा र कागती लगायतका फलफूलका बिरुवा वितरण गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य वातावरण संरक्षण, प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा हरियाली प्रवर्द्धन गर्नु रहेको आयोजकहरूले जनाएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष अधिकारीले टोल विकास संस्थाहरू भौतिक विकाससंगै सामाजिक रूपान्तरण, वातावरण संरक्षण, महिला सशक्तीकरण तथा जनचेतनामूलक अभियानका प्रभावकारी माध्यम बन्दै गएको धारणा व्यक्त गरे । उनले नागरिक सहभागितामा आधारित कार्यक्रमहरूले समुदायमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

अध्यक्ष अधिकारीका अनुसार हालसम्म तीन चरणमा ६ सयभन्दा बढी बिरुवा वितरण भइसकेको छ भने आगामी दिनमा १,१०० बिरुवा वितरण गर्ने लक्ष्य राखिएको छ । अभियानलाई निरन्तरता दिादै हेटौंडालाई अझ हराभरा, स्वच्छ र वातावरणमैत्री नगर बनाउने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ ।

टोल विकास संस्था नगर समन्वय समितिले बिगतदेखि हरियाली प्रवर्द्धन, सरसफाइ, महिला सशक्तीकरण तथा युवा परिचालन लगायतका सामाजिक अभियान सञ्चालन गर्दै आएकोले यस्ता कार्यक्रमलाई आगामी दिनमा अझ प्रभावकारीरूपमा विस्तार गरिने बताए ।

# कार्यान्वयन होला . . . . .

यो सरकारकै लागि प्रत्युत्पादक बन्नसक्छ,' मैनालीले भने । उनले सरकार र कर्मचारी एक सिक्काका दुई पाटा भएको उल्लेख गर्दै कर्मचारीको मनोबल खस्काएर प्रशासनिक सुधार सम्भव नहुने बताए । उनका अनुसार यस्तो व्यवस्था अन्तत: अदालत पुग्ने सम्भावना प्रबल छ । 'यस व्यवस्था कानुन बने पनि सर्वोच्च अदालतमा चुनौती पर्छ । विधिशास्त्र र प्राकृतिक न्यायका आधारमा अदालतले त्यस्तो व्यवस्था बदर गर्नसक्ने पर्याप्त आधार देखिन्छ,' उनले भने ।

*दफा ५८ सँग बाझिएको दाबी*

विवादको केन्द्रमा रहेको विषय हो–विद्यमान निजामती सेवा ऐन को दफा ५८ । उक्त दफामा कुनै पनि निजामती कर्मचारीलाई नियुक्तिको समयमा लागु रहेको तलब, उपदान, निवृत्तिभरण तथा सेवाशर्तमा निजको स्वीकृतिबिना प्रतिकुल असर पर्ने गरी परिवर्तन गर्न नपाइने स्पष्ट व्यवस्था छ । पछि हुने संशोधनले कर्मचारीको सेवाशर्तमा प्रतिकुल असर पार्ने भए कर्मचारीको लिखित सहमति आवश्यक पर्ने उल्लेख छ ।

प्रशासनविद्हरुका अनुसार हाल सेवामा रहेका अधिकांश कर्मचारी ५८ वर्षसम्म सेवा गर्न पाउने वैधानिक अपेक्षासहित सेवामा प्रवेश गरेका हुन् ।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने